## विशेष इजलास

१

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** रिट न ०६६-WS–०००४, ०००८, उत्प्रेषण समेत, *रोहिणी सिवाकोटी समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत, नेपाल राष्ट्रिय निर्माण व्यवसायी सँगठन केन्द्रीय समिति समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

कुनै पनि निर्माण व्यवसायीको व्यवस्थापन गर्ने उद्देश्य लिई तर्जुमा भएका ऐनद्वारा मान्यता प्राप्त नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. र नवीकरण मिति उल्लेख गर्नुपर्ने गरी इजाजतपत्रको नवीकरण गर्दा दिइने दरखास्तमा तोकिएका शर्तले कुनै निर्माण व्यवसायीको समानता, पेशा, रोजगार, उद्योग, व्यापार तथा संघ संस्था खोल्ने स्वतन्त्रतामा नै असंवैधानिक किसिमले अनुचित बन्देज लगायो भन्न नमिल्ने ।

संविधानसँग बाझिएको कानून अमान्य गरिपाऊँ भनी निवेदन गर्ने निवेदकले नै बाझिएको भन्ने प्रमाणित गर्नुपर्छ । अन्यथा जसरी फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउँछ, त्यसैगरी संविधानको धारा १०७(१) को विषयमा शंकाको सुविधा विधायिकाले पाउँछ । प्रस्तुत निवेदनमा नवीकरण गर्ने व्यवस्था किन र कसरी संविधानको धारा १२ को उपधारा (३) को खण्ड (च) सँग बाझिएको भनिएको हो, सो सम्बन्धमा निवेदकले Convincing तरिकाले देखाउन समेत नसकेको हुँदा उक्त विवादित कानूनी व्यवस्था संविधानसँग बाझिएको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६६-WS-०००६, उत्प्रेषणयुक्त परमादेश, *अच्यूतप्रसाद खरेल वि. मन्त्रिपरिषद्‌को कार्यालय समेत*

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएको हुँदा संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लिखित मानव अधिकारका मूल्य र मान्यताहरूलाई पालना गर्नु राज्यको दायित्व नै भएको, संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित तथा राज्यहरूद्वारा हस्ताक्षरित, अनुमोदित मानव अधिकारसम्बन्धी मुख्य अन्तर्राष्ट्रिय सन्धिहरू (Core Human Rights Treaties) लगायत नेपालले समेत भाग लिएको अष्ट्रियाको भियनामा सम्पन्न मानव अधिकारसम्बन्धी विश्व सम्मेलनद्वारा पारित Programme of Action का Agenda हरूलाई सम्मान, संरक्षण र सम्बर्द्धन गर्नु नेपालको कर्तव्य नै भएको परिप्रेक्ष्यमा निवेदकले उठाएको विषय आधारहीन देखिएको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या श्री राजेन्द्रप्रसाद कोइराला,** पुनरावलोकन निस्सा नं. २०६५-NF-०००१, कुत दिलाई मोही निष्काशन, *अर्जुन राय वि. दिनेशसिँह भूमिहार*

पुनरावलोकनको निस्सा दिँदाको आदेशमा उल्लिखित सिद्धान्त २०६२।५।२३ मा प्रतिपादित भएको देखिन्छ । सोभन्दा अगावै प्रस्तुत मुद्दा यस अदालत संयुक्त इजलासबाट २०६१।३।११ मा फैसला भएको छ । पुनरावलोकनको निस्साको आधारको रूपमा रहेको कानूनी सिद्धान्त संयुक्त इजलासबाट प्रस्तुत मुद्दामा फैसला भएपछि प्रतिपादन भएको हुँदा उक्त सिद्धान्तको त्रुटि पहिले नै भएको निर्णयमा हुनसक्ने अवस्था रहँदैन । यस अवस्थामा प्रस्तुत मुद्दामा संयुक्त इजलासबाट फैसला भैसकेपछि प्रतिपादन भएको सिद्धान्तले पश्चात्‌दर्शी प्रभाव पार्न नसक्ने हुँदा मिति २०६५।४।१२ को यस इजलासबाट पुनरावलोकनको निस्सा प्रदान हुँदाको आदेशमा

उल्लिखित कानूनी सिद्धान्त प्रस्तुत मुद्दामा सान्दर्भिक हुन सक्ने अवस्था देखिन नआउने ।

पुनरावलोकनको निस्सा दिँदा उल्लिखित आधार सान्दर्भिक नभएको अवस्थामा अन्य आधारबाट प्रस्तुत मुद्दाको औचित्यमा प्रवेश गरी निर्णयमा पुग्ने अवस्थाको विद्यमानता नरहने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : सीता गुरूङ

इति संवत् २०६६ साल असोज २२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ०००४, उत्प्रेषण समेत, *अच्यूतप्रसाद खरेल वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

पहिलो सन्तानको मृत्यु भएमा वा बिकलाङ्ग बच्चा जन्मेमा तेस्रो, चौथो पटकसम्म पनि प्रसूति हुने इच्छा वा प्रसूति हुनुपर्ने परिस्थिति महिलामाथि सिर्जना हुन सक्छ । यस्तो अवस्थामा दुई पटकभन्दा बढी प्रसूति बिदा नदिने व्यवस्थाले महिलाको संविधानप्रदत्त प्रजनन् अधिकारको संरक्षण गर्न सक्दैन । अर्कोतर्फ यस प्रकारको प्रसूति बिदाको सुविधा लिनकै निमित्त मात्र पटक-पटक महिला कर्मचारी सुत्केरी हुने र त्यसबाट सो सुविधाको दुरूपयोग हुने सम्भावना रहेको भन्न पनि स्वभाविक देखिँदैन र त्यस्तो अनुमान गर्न पनि मिल्दैन । यसर्थ निवेदकले रिट निवेदनमा उल्लेख गरेका कानूनी प्रावधानबमोजिम महिला कामदार वा कर्मचारीले आफ्नो सेवा अवधिमा दुई पटकसम्म मात्र प्रसूति बिदा पाउने व्यवस्था संविधानको धारा २०(२) अनुकूल नदेखिने ।

कुनै पनि नागरिकले प्राप्त गर्ने सामाजिक, सांस्कृतिक वा आर्थिक अधिकार नागरिक वा राजनीतिक अधिकार जस्तो कुनै एउटा निर्णय गरेर वा आदेश जारी गरेर मात्र कार्यान्वयन हुन सक्दैन । यसको लागि पर्याप्त आर्थिक स्रोत, साधन र समयको आवश्यकता पर्ने हुन्छ । राज्यले चाहेर मात्रै पनि यस्ता अधिकारहरू आर्थिक स्रोत साधनको अभावमा एकै पटक पूरा हुन सक्दैनन् । यस्ता विषयवस्तुहरू राज्यको आर्थिक एवं वित्तीय अवस्थालाई मध्यनजर राखी क्रमशः कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ । यस सम्बन्धमा आर्थिक दायित्व बहन गर्न सक्ने हदसम्म राज्यले आफ्ना नागरिकहरूलाई सुविधा उपलब्ध गराउने र हाल राज्यको स्रोत साधनले भ्याएसम्मका सुविधा उपलब्ध गराउँदै आएको भनी विपक्षीहरूको लिखित जवाफमा प्रतिवद्धता व्यक्त गरिएको अवस्था हुँदा राज्यको आर्थिक क्षमतावृद्धि हुँदै जाँदा क्रमशः प्रचलित कानूनमा परिमार्जन भई नागरिकहरूले प्राप्त गरेका यस किसिमका हकको दायरामा पनि वृद्धि हुँदै जाने देखिन्छ । निवेदकले माग गरेको विषयका सम्बन्धमा विपक्षीहरू सकारात्मक रहेको र आर्थिक क्षमताअनुरूप क्रमशः कार्यान्वयन समेत भै रहेको भन्ने देखिँदा तत्काल सुत्केरी हुँदाको समयमा विशेष सुत्केरी भत्ता (Special maternity allowances) प्रदान गर्नु भनी विपक्षीहरूका नाउँमा आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

विद्यमान नेपाल कानूनमा दुई पटक प्रसूति हुँदासम्म वा दुईवटा बच्चा नभएसम्म प्रसूति बिदा पाइने भनी सुत्केरी हुँदाको पटक र बच्चाको संख्याको आधारमा प्रजनन् स्वास्थ्यसम्बन्धी हकमाथि नियन्त्रण गरेको हदसम्म संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५५ को दफा १७ को उपदफा (६), पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०४८ को दफा २१ को उपदफा (२), नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५१ को उपनियम (३), नेपाल कानून व्यवसायी परिषद्का कर्मचारीको नियुक्ति र सेवासम्बन्धी नियमावली, २०५५ को नियम ११(१) (घ) को प्रतिवन्धात्मक बाक्यांश, महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ६५ को उपनियम (३), शिक्षा नियमावली, २०४९ को नियम १०६ को उपनियम (६), निजामती सेवा नियमावली, २०५० को नियम ५९ को उपनियम (३), श्रम नियमावली, २०५० को नियम ३४, प्रहरी नियमावली, २०४९

को नियम ५७ को उपनियम (३), शसस्त्र प्रहरी नियमावली, २०६० को नियम १०५ को उपनियम (२), संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ४५ को उपनियम (१), स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २४४ को उपनियम (३), श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३ को नियम १६ को उपनियम (२) समेतका विद्यमान नेपाल कानूनमा भएका व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(२) को प्रतिकूल देखिन आएकोले आजकै मितिदेखि लागू हुने गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (१) बमोजिम अमान्य र बदर घोषित हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ फागुन १३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ००२०, उत्प्रेषण, *बलराम न्यौपाने वि. व्यवस्थापिका संसद समेत*

नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकको सम्पत्तिसम्बन्धी हक कानूनद्वारा व्यवस्थित गर्न सकिने व्यवस्था गरेको, निवेदकले उठाएको कम्पनी ऐन, २०६३ को प्रावधान कानूनको उचित प्रक्रिया (Due Process Of law) को सिद्धान्तमा आधारित भएको लगानीकर्ता संरक्षण कोषमा जम्मा भएको रकम लगानीकर्ता र सम्बन्धित कम्पनीकै हित प्रवर्द्धन गर्नको निमित्त खर्च हुने गरी व्यवस्था गरेको देखिएको परिप्रेक्ष्यमा कम्पनी ऐन, २०६३ को दफा १८२(९) र (१०) तथा दफा १८३(१) (२) (३) र (४) का व्यवस्थाहरू तथा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन नं. १६, २०६१।०६२ को निवेदकले दावी गरेको निर्देशन अमान्य र बदर घोषित गराउनु पर्ने अवस्थाको विद्यमानता देखिन नआउँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ फागुन १३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.इ.नं. ३१, दर्ता बदर दर्ता गरी पाऊँ, *हेममोहन भट्टराई वि. राजेन्द्रमोहन भट्टराई समेत*

मिति २०२०।४।२७ को पारित बण्डापत्रबाट पुनरावेदक वादीका बाबु रत्नमोहनको अंश भागमा परी २०२२ सालदेखि नै पुनरावेदकको जन्मसिद्ध रूपमा नैसर्गिक अंश हक कायम भएको साविक कि.नं. ५० र ५१ तथा सर्भे नापीको कि.नं. ३६६ र ३६८ को जग्गा निजहरूबाट कानूनबमोजिम हक टुटाई लिएको लिखत प्रमाणको अभावमा प्रतिवादी राजेन्द्रमोहन भट्टराईले दूषित दर्ता गराई सोही दूषित दर्ताका आधारमा कि.नं. ३६८ बाट कित्ताकाट गरी कि.नं. ५५४ को क्षे.फ. ३-०-० जग्गा मिति २०४३।२।२७ मा प्रतिवादी नरजङ्ग घर्तीलाई हा.व.लिखत पारित गरी निज घर्तीले पुनः उक्त कि.नं. ५५४ को जग्गा कित्ताकाट गरी कि.नं. ५५८ को क्षे.फ. २-०-० जग्गा मिति २०४३।१०।१६ मा र कि.नं. ५५९ को क्षे.फ. १-०-० जग्गा मिति २०४३।१२।१९ मा प्रत्यर्थी लीलाधर बराललाई गरी दिएको हा.व. लिखत र त्यसका आधारमा प्रतिवादी लीलाधर बरालले गराएको दर्ता समेत दूषित नै देखिएकोले कि.नं. ५५८ र ५५९ जग्गाको हदसम्मको लिखत र प्रतिवादीका नाउँको दर्ता बदर गरी वादीका नाउँमा दर्ता हुने ।

इजलास अधिकृत : नारायण सुवेदी
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६२ सालको दे.पु.इ.नं. २३, मिलापत्र बदर, *लीलाधर बराल वि. हेममोहन भट्टराई*
- २०६२ सालको फौ.पु.इ.नं. २८, जालसाजी, *लीलाधर बराल वि. हेममोहन भट्टराई*
- २०६२ सालको दे.पु.इ.नं.२९, लिखत बदर, *हेममोहन भट्टराई वि. राजेन्द्रमोहन भट्टराई समेत*

५

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४-NF-०००३, बाली भराई मोही निष्काशन, *धनमाया महर्जन वि. मिठु ढकाल*

२०६२।१।९ मा संयुक्त इजलासबाट फैसला भएपश्चात् अर्थात् मिति २०६२।५।२३ मा मात्र पुनरावलोकनको निस्सामा उल्लिखित कानूनी सिद्धान्त प्रतिपादित भएको पहिले नै निर्णय भैसकेको मुद्दामा पछि स्थापित नजीर सिद्धान्तको त्रुटि रहेको भन्नु नजीरको पालन र प्रयोग सम्बन्धमा स्थापित मान्यता र न्यायिक परिपाटीअनुरूप हुँदैन । त्यो संवैधानिक व्यवस्थाको अनुकूल पनि हुँदेन । सामान्यतया भूतलक्षी प्रभावको कानून विधायिकाले बनाउँदैन । अदालतले आफूसमक्ष आएको कानूनी प्रश्नको निरोपण गर्दा प्रतिपादन गरेको कानूनी सिद्धान्त सो न्याय निरोपण भएपछिका त्यस्तै तथ्य, परिस्थिति र प्रश्न निहीत रहेका मुद्दाहरूको न्याय निरोपणका लागि कानूनसरह लागू हुन्छन् त्यसकारण पश्चादर्शी (Restrospective) प्रभाव पर्ने ढङ्गले नजीरको प्रयोग गर्न नमिल्ने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : विपनादेवी मल्ल
इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री बलराम के.सी., निवेदन नं.** निवेदन नं. २०६७ रिट नं. २०६६-wo-१२९३, उत्प्रेषण, *युनिटी लाईफ इन्टरनेशनल लि. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक कम्पनीले इजाजतपत्र नलिई वैकिङ्ग कारोवार गरेको, सहकारी विभागबाट इजाजत नलिई सहकारी चलाएको, बीमा समितिबाट इजाजत नलिई बीमा व्यवसाय सञ्चालन गरेको, कम्पनीको सम्पत्तिबाट व्यक्तिको नाउँमा जग्गा खरीद गरेको प्रमाणित हुनुका साथै जीवन बीमा गर्ने बीमा कम्पनी सरह मानिसहरू झुक्किने गरी Assurance Unity Life International Ltd. नामक कम्पनी स्थापना गरी यसभन्दा अगाडि मिति २०६२।७।१७ मा Unity Life International प्रा.लि., मिति २०६४।५।२ मा Assurance Unity Life International Ltd. र मिति २०६६।८।५ मा Unity Life International Ltd. नामको कम्पनी स्थापना गरी सर्वसाधारणलाई भ्रम पार्ने गरी बीमा व्यवसायको समेत काम गर्ने गरी पटक-पटक नाम परिवर्तन गरेको देखिन्छ । निवेदक कम्पनीको सञ्चालकहरूका विरुद्ध किटानी जाहेरी परी अनुसन्धान भई मुद्दा समेत चलिरहेको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट निवेदक कम्पनीसमक्ष स्पष्टीकरण समेत माग गरी कम्पनी कानूनबमोजिम कम्पनीको विरुद्ध कानूनी कारवाही समेत अगाडि वढेको देखियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को असाधारण अधिकारक्षेत्र गैरकानूनी तरिकाले मौलिक हक वा कानूनी हक अपहरण भएमा आकर्षण हुने हो, तर निवेदकले गैरकानूनी काम गरी अपराध गरेको भन्ने आरोपमा साधारण अधिकारक्षेत्रअन्तर्गत सक्षम अदालतसमक्ष अभियोगपत्र दायर भएको र निवेदकबाट कानून विपरीत अन्य काम समेत भएको देखिएको हुँदा कानूनबमोजिम भएको कानूनी कारवाहीले निवेदकको हक हनन् नहुने र अपूरणीय क्षति समेत नहुने हुँदा सुविधा र सन्तुलन (Balance of convenience) को सिद्धान्त समेतका आधारमा अन्तरिम आदेश जारी गर्न नमिल्ने ।

इति संवत् २०६७ साउन ६ गते रोज २ शुभम्

२

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ८०१७, ८०२० अंश चलन, *ध्रुवप्रसाद सिंखडा वि.नारायणप्रसाद सिंखडा समेत*

बाबु आमाकै पालामा अंशियारहरू बीच घरसारमा अंशबण्डा भै छुट्टि भिन्न भएको भनी प्रतिउत्तर जिकीर लिए तापनि छुटि भिन्न भएको भन्ने घरसारको बण्डापत्र समेत पेश गर्न नसकेकाले

कुनै कित्ता नम्बरका जग्गाहरू अलग-अलग अंशियारका नाउँमा दर्ता हुनु र त्यस्ता दर्ता भएका कुनै कित्ता नम्बरका जग्गा बिक्री गर्नुबाट सगोलको अंशियारले अंश पाइसकेको भन्न नमिल्ने ।

अंशबण्डाको १८ नं. को कानूनी व्यवस्थाबमोजिम वादी ध्रुवप्रसाद सिंखडाको श्रीमती भगवती सिंखडाको नाउँमा मिति २०४९।१२।८ र मिति २०४९।१२।२३ को हालैको वकस पत्रको लिखतबमोजिम प्राप्त जग्गा एवं प्रतिवादी नारायणप्रसाद सिंखडाको श्रीमती विष्णु मैया सिंखडाको नाउँमा मिति २०४३।११।१० को हालैको वकसपत्रको लिखतबाट प्राप्त हुन आएको जग्गा निजी आर्जनको देखिँदा अंशियारहरू बीच बण्डा नलाग्ने ।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा समेत यसैअनुरूप निर्णय भएका छन्:

- संवत् २०६२ सालको दे.पु.नं. ८०२२, ८०१८, लिखत बदर, *विष्णुमैया सिंखडा समेत वि. ध्रुवप्रसाद सिंखडा*
- संवत् २०६२ सालको दे.पु.नं. ८१८१, बकसपत्र बदर, *श्रीप्रसाद सिंखडाको मु.स.गर्ने पुरुषोत्तम सिंखडा वि. ध्रुवप्रसाद सिंखडा*

३

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं.०६४-CI-००२८, निषेधाज्ञायुक्त परमादेश, *बिन्द्राबन कृष्ण श्रेष्ठ वि. नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्य समिति समेत*

निषेधाज्ञा मुद्दाको निवेदन पर्नुभन्दा अगावै विपक्षी नेपाल रेडक्रस सोसाइटी काठमाडौं. जिल्ला शाखा कार्य समितिको मिति २०६२।५।७ को निर्णयबाट निवेदक कार्यवाहक सभापति रहेको नेपाल रेडक्रस सोसाइटी महाबौद्ध उपशाखा कार्य समिति विघटन गरी कमल नकर्मीको संयोजकत्वमा तदर्थ समिति गठन गरिसकेको भन्ने देखिन आउँछ । सो निर्णयको जानकारीसहित बरबुझारथ गर्न निवेदकलाई पटक-पटक पत्राचार गर्नुका साथै पत्रपत्रिकामा सूचना समेत प्रकाशित गरेको भन्ने निवेदन र पुनरावेदन लेखबाटै देखिन आएको छ । अगावै सम्पन्न भैसकेको काम कारवाहीका विषयमा निषेधाज्ञा जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

४

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं.०६४-CI-२६२, ०२७५, परमादेश, *चक्रपाणी पाध्ये समेत वि.दधिराम दर्जी समेत*

वन उपभोक्ता समूहको सर्वसम्मत निर्णयबाट कसैलाई समूहमा आवद्ध गर्न र समूहबाट हटाउन मिल्ने अवस्था देखिएकोले विवादित सामुदायिक वनमा पुनरावेदकहरूको समेत सरोकार निहीत रहेको भए स्थानीय तहमा नै छलफल गरी सहमतिमा पुग्नु वाञ्छनीय हुन्छ । के कुन व्यक्ति वा समूहको के कुन प्राकृतिक स्रोत साधनमा कस्तो हक वा सरोकार निहीत रहेको छ वा छैन भन्ने तथ्यगत र समुदायको निर्णयबाट सञ्चालन र नियमन गरिनु पर्ने विषयमा अदालतले परमादेश मुद्दाको रोहबाट हस्तक्षेप गरी बोल्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

५

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं.०६४-CI-०६१८, निषेधाज्ञा, *हरिप्रसाद खनाल वि. चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, महाराजगञ्ज समेत*

विचाराधीन मुद्दाकै रोहमा पुनरावेदकले आफ्नो हक स्थापित हुने प्रारम्भिक अवस्था प्रमाणित गरी निर्माण कार्य रोक्का गराउन सक्ने अवस्था रहने हुँदा मुद्दा दिएकै कारणबाट हक सिर्जना भएको मानी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

६

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६४-CI-०६१९, निषेधाज्ञा, *छठ्ठू राउत अहिर मेत वि. नासुरूद्दिन महम्मद*

नागरिक अधिकार ऐनद्वारा प्रदत्त हक हनन् हुने आशंका रहेको भनी दावी लिन आउने पक्षले दुईवटा कुरा प्रारम्भिक रुपमा नै स्थापित गर्नुपर्ने हुन्छ । प्रथमतः दावीको विषयवस्तुमा आफ्नो निर्विवाद हक स्थापित भएको तथ्य प्रमाणित गर्न सक्नुपर्दछ । त्यसैगरी निर्विवाद हकाधिकार अर्को पक्षबाट हनन् हुन सक्ने प्रवल आशंका विद्यमान रहेको अवस्था समेत वस्तुनिष्ठ तवरबाट सिद्ध गरिनु अनिवार्य हुन्छ । विवादित जग्गामा प्रत्यर्थीहरूको आमा मोही हो वा होइन ? सो जग्गामा बनाएको घर प्रत्यर्थी निवेदकको हो वा पुनरावेदकको हो भन्ने तथ्यगत प्रश्नहरूको निरूपण उक्त बहाल दिलाई घर खाली गराई पाऊँ भन्ने मुद्दाबाटै हुनु पर्ने देखिँदा मातहत अदालतमा विचाराधीन रहेको मुद्दा प्रभावित हुने गरी निषेधाज्ञा मुद्दाको रोहबाट अहिले नै बोल्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

७

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६४-CI-०९६०, निषेधाज्ञा, *रत्नबहादुर महर्जन वि. स्टाण्डर्ड फाइनान्स लिमिटेड समेत*

नक्सा पास गर्ने सम्बन्धमा निर्णय गर्ने पाउने कानूनी अख्तियारी भएको महानगरपालिकासमक्ष विचाराधीन नक्सा पाससम्बन्धी काम कारवाही प्रभावित हुने गरी अहिले नै हस्तक्षेप गर्ने हो भने नक्सापासको लागि पर्न आएको दर्खास्तउपर जाँचबुझ गरी निर्णय गर्न पाउने स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले महानगरपालिकालाई प्रदान गरेको क्षेत्राधिकार अतिक्रमित हुन पुग्ने हुँदा निषेधाज्ञाको निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

८

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६४-CI-०९८५, निषेधाज्ञा, *सिद्धिकुमार महर्जन वि. विजयमान पती*

संस्थाको रकम हिनामिना गर्नु र धितो राखी भए प्रचलित कानूनबमोजिम असूलउपर गर्नेतर्फ समयमा नै कारवाही चलाई सोही कारवाहीको क्रममा सक्षम निकायबाट जग्गा रोक्का गर्ने लगायतका काम कारवाही गर्नु गराउनु पर्ने हुन्छ । निवेदकउपर रकम हिनामिना मुद्दा चलाइएको छ भन्नेसम्म पनि पुनरावेदक संस्थाको पुनरावेदन पत्रमा उल्लेख भएको छैन । वित्तीय कारोवार गर्ने सहकारी संस्थालाई रकम हिनामिना गरेको भन्ने आरोपमा कुनै पनि नागरिकको सम्पत्ति रोक्का गर्न पाउने कानूनी अधिकार भएको नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

९

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** दे.पु.नं. ०६४-CI-०४१०, बाली बिगो, *प्रकाश राना समेत वि. धुम्ना राना समेत*

मिति २०५७।७।३० मा बण्डा छुट्याउने कार्य सम्पन्न भएको भनी २०५७।८।१८ मा पर्न आएको प्रस्तुत मुद्दाको फिराद जग्गा मिच्नेको १८ नं.मा उल्लिखित एकवर्ष हदम्याद भित्रै पर्न आएको देखिँदा हदम्याद नघाई फिराद परेको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत २२ गते रोज १ शुभम् ।

१०

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम,** सरकारी छाप दस्तखत कीर्ते, स.फौ.पु.नं. ०६४-CI-०४०२, *सञ्जय महर्जन वि. नेपाल सरकार*

उनाउ व्यक्तिको नाउँमा जारी भएको सरकारी छाप र दस्तखत कीर्ते गरी आफ्नो नाउँको सवारी चालक अनुमती पत्र बनाई प्रयोग गर्नु नै पुनरावेदक प्रतिवादी विरूद्धको अभियोग दावी प्रमाणित हुने यथेष्ठ आधार हो त्यस्तो आधार अन्यथा प्रमाणित गर्न चाहने पक्षले नै प्रमाण ऐन,

२०३१ को दफा २७(१) बमोजिम प्रमाण पुऱ्याउनु पर्ने ।

इति संवत् २०६६ साल चैत २२ गते रोज १ शुभम् ।

११

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०१९१, परमादेश, *मोतिलाल विश्वकर्मा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकहरूलाई सहायकस्तर पाँचौं तहमा आ-आफ्नो समूहअन्तर्गत स्तरवृद्धि गरेकोमा सो स्तरबृद्धि गरेबमोजिमको पदनामको लागि निर्धारित योग्यता हासिल गरेको भन्ने निवेदनमा दावी लिएको समेत पाइदैन । सहायकस्तर पाँचौं तहमा स्तरवृद्धि पाएकै आधारमा आफूहरूले सोहीबमोजिमको पदनाम पाउनु पर्ने भनी कुनै कानूनी व्यवस्थाको आधार उल्लेख नगरी निवेदनमा दावी लिएकै आधारमा निवेदकहरूको योग्यता पुगेको अनुमान गरी पाँचौं तहमा स्तरवृद्धि भएबमोजिमको पदनाम दिनु भन्न कानून र न्यायसंगत नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६४ सालको WO-०५११, उत्प्रेषण परमादेश, *गणेशकुमार गैरे समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६-WO-००८४, परमादेश, *विष्णुप्रसाद चापागाईं समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६-WO-०२५१, परमादेश, *शान्ति थापा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६-WO-०४७७, परमादेश, *दुर्गा कार्की राई समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

१२

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ३००, गुठी तैनाथी जग्गा कायम *डा. कामेश्वरप्रसाद सिंह वि. गुठी संस्थान केन्द्रीय कार्यालय*

गुठी संस्थान (दोस्रो संशोधन) ऐन, २०३३ को दफा ३९(१) को व्यवस्थाबाट एउटा प्रकृतिको जग्गालाई अर्को प्रकृतिको जग्गामा दर्ता भएको प्रमाणित भएको अवस्थामा गुठी संस्थानको प्रशासकलाई पुनः सो जग्गा पुरानो प्रकृतिमा लग्न निर्णय गर्न पाउने अख्तियारी प्रष्ट शब्दमा प्रदान गरेको देखिँदा यो ऐनको सम्बन्धमा संशोधनपछिको कानून पहिलेको कार्यमा लागू हुन सक्दैन, गुठी प्रशासकलाई यस्तो निर्याय गर्न पाउने अधिकार रहे भएको देखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ९७३३, अवण्डा जग्गा बण्डा छुट्याई पाऊँ, *कालिन्दर भगत कलवार वि. देवेन्द्र भगत कलवार*

मिति २०४३।३।११ मा वादी प्रतिवादीबीच पारित बण्डापत्रमा दावीको प्लट नं. २१४ को जग्गालाई अवण्डा जग्गा भनी स्पष्ट रूपमा उल्लेख नगरेको तथा अंशवण्डाको ३५ नं. बमोजिम दावीको जग्गा सम्बन्धमा गोश्वारा लिखत एवं वादीको भोग समेत रहेको नदेखिएको समेतका आधार एवं कारणबाट वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल पुस २८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६१ सालको दे.पु.नं. ९७३२, घरबाट खाली गराई पाऊँ, *कालिन्दर भगत कलवार वि. देवेन्द्र भगत कलवार*

- २०६१ सालको दे.पु.नं. ९७३४, मिलापत्र बदर, *कालिन्दर भगत कलवार वि. देवेन्द्र भगत कलवार समेत*
- २०६१ सालको फौ.पु.नं. ३६६९, जालसाजी, *कालिन्दर भगत कलवार वि. देवेन्द्र भगत कलवार समेत*

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको फौ.वि.नं. ९९, अदालतको अपहेलना, *भोजराज ऐर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विपक्षीहरूबाट आदेश कार्यान्वयन सम्बन्धमा भए गरेका कामको प्रतिवेदन पेश हुन आएकोमा सो विवरण हेर्दा फोहरमैला व्यवस्थापन गर्न बनेको विधेयक, २०६५ तयार भै विचारणीय रहेका, बाग्मती सभ्यता विकास परिषद्ले मिति २०६६।४।२७ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याउने क्रममा यस आर्थिक वर्षमा बजेट छुट्याई काम शुरू गरेको, मिति २०६५।१०।९ को नेपाल सरकारको निर्णयअनुसार "बाग्मती स्वच्छता कायम गराउने सम्बन्धमा आवश्यक पर्ने छाता समिति गठन भै कार्य गरिएको, नगर क्षेत्रमा घर निर्माण गर्दा अनिवार्य रूपमा सेफ्टी ट्याङ्की बनाउनु पर्ने व्यवस्था गरिएको" भन्ने किसिमका विभिन्न कार्यहरू भैरहेको र बाग्मतीको प्रदूषण हटाउन प्रयत्नशील रहेको भन्ने प्राप्त प्रतिवेदनहरूबाट देखिँदा हाललाई अपहेलनासम्बन्धी कारवाही अगाडि बढाई रहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल चैत १५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ८९५१, निषेधाज्ञा, *भोलाप्रसाद राउत समेत वि. सुकराती सदा समेत*

घर निर्माण भैसकेको अवस्था र घर निर्माण कहिले भयो ? घर पुरानो या नयाँ के हो ? र घरले कुन जग्गा कति मिच्यो भन्ने जस्तो तथ्यगत विवादमा सप्तरी जिल्ला अदालतमा घर उठाई पाऊँ भन्ने मुद्दाबाट प्रमाण बुझी मूल्याङ्कन विश्लेषण एवं परीक्षण गरी विवादको निर्क्योल हुने नै हुँदा प्रस्तुत मुद्दामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल चैत १५ गते रोज १ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको फौ.पु.नं. ३७८७, अदालतको अपहेलना, *यिनै वादी प्रतिवादी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको स.फौ.पु.नं. ००५२, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. अर्जुन थपलिया*

पीडित क समेतलाई लिई यी प्रतिवादी भारतको मुम्बईसम्म पुगेको स्थितिमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ ले त्यस्तो उद्देश्यले लगेको होइन भन्ने प्रमाणित गर्ने भार यी अभियुक्तमाथि नै राखेको देखिन्छ । कसूरमा इन्कार हुने बाहेक अन्य कुनै प्रमाणबाट अभियोग खण्डन गर्न नसकेकोले यी प्रतिवादीले त्यस्तो कार्य गरेको होइन भनी व्यक्त गरेको कथनलाई विश्वासलायक मान्न नसकिने हुँदा प्रतिवादी अर्जुन थपलियालाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण)ऐन, २०४३ को दफा ४(क) को कसूरमा ऐ. ८ (१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल चैत १७ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. ११६४, नक्सा पास बेगर बनाएको घर भत्काई पाऊँ, *निर्मलादेवी रिमाल वि. प्रमिला श्रेष्ठ समेत*

२०५० सालमा दर्ता हक हुन आएको व्यक्तिले २०४३ सालमा घर बनाउनेले आफ्नो हक स्वामित्व कायम नहुँदैको समयमा जग्गा च्यापी

घुसाई घर बनाए भन्ने उजूर जग्गामा आफ्नो हक प्राप्त भएपश्चात् गरेको देखिन्छ । नक्सा पास गर्दाका समयमा वादीको हक नै नभएको हुँदा सो अवस्थामा जग्गा घुसाएछन् वा मिचेछन् भनी दावी गर्न मिल्ने अवस्था नदेखिँदा मिति २०४३।३।३१ मा ल.पु.उ.म.न.पा. बाट पास गरेको नक्सापास प्रमाणमा उल्लेख नाप साइजभित्र नै घर निर्माण भएको तथ्य नगरपालिकाको जुनियर इन्जिनियरको निरीक्षण प्रतिवेदनबाट देखिँदा घर भत्काउने दावी नपुग्ने भनी ललितपुर उपमहानगरपालिकाले गरेको निर्णय सदर हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल चैत १७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको स.फौ.पु.नं. ३१४५, ३१४६, ३२८१, लागू औषध चरेस, *बसन्तीदेवी बुढा वि. नेपाल सरकार, चक्रबहादुर बुढा वि. नेपाल सरकार, नेपाल सरकार वि. बसन्तीदेवी बुढा समेत*

वस्तुस्थिति मुचुल्कामा रहेका व्यक्ति भनाई र प्रतिवादी डम्बर सिंह ठगुन्नाले अधिकार प्राप्त अधिकारी र अदालतमा गरेको बयानबाट पनि बसन्तीदेवीको घर अगाडि निजको अदुवा बारी रहेको पुष्टि हुन आउँछ । घर अगाडि लहरे पिपल, अदुवा बारी केही नभै १०० मीटर टाढा खोलामा चरेश बरामद भएको भनी अपराधलाई विषयान्तर गर्न खोजे पनि निजको सो भनाई कुनै बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको छैन । प्रतिवादी बसन्तीदेवी बुढाले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा २०५९।९।८ गते बिहान आफ्नो घर बारीमा चरेश राखेको स्वीकार गरेकी छिन् र राख्न ल्याउने व्यक्तिलाई समेत उल्लेख गरी दिएको पाइन्छ । यसबाट सो कार्यमा बसन्तीदेवीलाई जानकारी नै थिएन भन्ने अवस्था देखिँदैन । त्यसैगरी अर्का प्रतिवादी बसन्तीदेवीका लोग्ने चक्रबहादुर बुढाका हकमा निज अदालतमा बयान गर्दा आफू कसूरमा इन्कार रही आफू आँखा उपचार गर्न भारतको सीतापुर गएको भनी Alibi को जिकीर लिएका र अस्पतालको परीक्षण पर्चा पेश गरेको देखिन्छ । सो पर्चा अस्पतालमा भर्ना भै बसेको नभै एउटा विरामीको बहिरंग परीक्षणको OPD को पर्चा हो भन्ने देखिन आएकाले निजहरूलाई ऐ. ऐनको दफा १५ बमोजिम ६ महिना कैद सजाय गर्न नमिल्ने ।

प्रतिवादी डम्बर सिंह ठगुन्ना अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा र प्रतिवादी कमलचन्दले अदालतमा बयान गर्दा कसूरमा इन्कार रहेको देखिन्छ । यी प्रतिवादीहरू अभियोग माग दावीअनुसारको कसूरमा संलग्न भएको देखिँदैन । प्रतिवादी बसन्तीदेवी बुढाले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा कमलचन्दले चरेश ल्याउने र डम्बर सिंह ठगुन्नाले तौलिएको भनी बयान गरे तापनि सो कुरा निजले अदालतसमक्ष बयान गर्दा होइन भनी उक्त तथ्यलाई खण्डन गरेको अवस्था छ । यी प्रतिवादीहरू लागू औषधको कारोबार र सञ्चयमा संलग्न भएको बरामदी मुचुल्काबाट पनि देखिँदैन भने यिनको घरमा भएको बरामदी मुचुल्काबाट पनि कुनै दशी प्रमाण प्राप्त भएको अवस्था छैन । मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट यी प्रतिवादीहरू कसूरमा संलग्न भएको नदेखिएको अवस्थामा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको सहअभियुक्तको पोललाई एक मात्र आधार मानी लागू औषध जस्तो गम्भीर प्रकृतिको अपराधमा कसूर कायम गर्न नमिल्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संबत् २०६६ साल चैत १७ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ००५९, हक कायम दर्ता, *सपनादेवी बुढाथोकी समेत वि.. शिवनारायण झा*

मालपोत कार्यालय सर्लाहीले हक बेहकमा अदालत जान सुनाएपछि यी वादीले सर्लाही जिल्ला अदालतसमक्ष दायर गरेको फिरादमा फिराद दावीबमोजिम वादी सपनादेवी बुढाथोकी समेतको उक्त विवादित जग्गाको हक सम्बन्धमा प्रमाणको

मूल्याङ्कन गरी ठहरेबमोजिम इन्साफ दिनु पर्नेमा सो नगरी सर्लाही जिल्ला अदालतबाट वादी दावी खारेज गर्ने गरेको फैसलालाई सदर कायम हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुर फैसला उल्लिखित नजीर तथा प्रमाण ऐन, २०३१ को दफा ५४ समेतको त्रुटि देखिन आएकोले बदर हुने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक २३ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको दे.पु.नं. ८६८२, ७८६३, मिलापत्र बदर अंशवण्डा अंश हक कायम, *पलट मण्डल अमात वि. फेकु मण्डल समेत, फेकु मण्डल वि. पलट मण्डल अमात*

साविक कि.नं. ११३४ को जग्गामा प्रतिवादीहरूको मात्र हक लाग्ने हो वा वादी समेतको हक लाग्ने हो भन्ने कुरा स्रेस्ता प्रमाणबाट यकीन देखिन नआए तापनि पुनरावेदन अदालत राजबिराजको आदेशानुसार भै आएको मिति २०६१।१।१६ को नक्सा मुचुल्काअनुसार साविक कि.नं. ११३४ को झगडा जनिएको न.नं. ६ को ज.वि. ०-०-५.६२ मा वादीको घरवास भएको देखिएकोमा उक्त कुरालाई प्रतिवादीले इन्कार गर्न सकेको अवस्था देखिदैन । भूमिसुधार ७ नं. फाँटवारीमा वादी पलट मण्डलले उल्लिखित साविक कि.नं. ११३४ को जग्गामध्ये ०-०-६ उल्लेख गरी फाँटवारी भरेको देखिएकोले उल्लिखित न.नं. ६ को जग्गामा वादीको घरवास भोगचलनमा रहेको देखिँदा न.नं. ६ को विवादित ज.वि. ०-०-५.६२ जग्गासम्ममा वादीको हक कायम हुने ठहर गरी सो हदसम्म मिति २०४६।११।२५ को मिलापत्र बदर गर्नुपर्नेमा शुरूले वादी दावी खारेज गर्ने गरेको फैसला सो हदसम्म उल्टी हुने ठहर गरी पुनरावेदन अदालत राजबिराजको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक २५ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको दे.पु.न ८६५४, लिखत दर्ता बदर दर्ता, *रोशन कार्की समेत वि. अम्बरबहादुर बस्नेत*

पैतृक सम्पत्ति बेचबिखन गर्दा सगोलका अन्य अशियारलाई पनि साक्षी राखी वा निजहरूको मञ्जूरीले मात्र बिक्री गर्न पाउने व्यवस्था मुलुकी ऐन लेनदेन व्यवहारको १० नं. ले गरेकोमा सो बमोजिमको कानूनी रीत पूरा गरेको सम्बद्ध प्रमाणबाट पुष्टि हुन नआई केवल उक्त मिति २०५७।११।२२ मा पारित लिखतमा घर खर्च भन्ने व्यहोरा पर्दैमा उक्त लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक २३ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.न ९७२२, हक कायम, *बिरनादेवी थरूनी समेत वि. पन्नालाल सिकदार थारू समेत*

आफ्ना पिताले हक छाडी दिएका साविक कि.नं. ७२४ तथा हालको कि.नं. १७७ को ससीम जग्गामध्ये २०२९।१२।२९ को लिखतबाट आमा चैतीदेवीले हक प्राप्त गरेको बाहेकको जग्गामा कुनै पनि लिखत प्रमाणबाट प्रतिवादीहरूको हक रहेको भन्ने नदेखिँदा वादीको हक कायम हुने ।

इजलास अधिकृत : नेत्रप्रसाद आचार्य

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम् ।

- यसमा यसै लगाउको दे.पु.नं. ९७२१, *वीरनादेवी थरूनी समेत वि. पन्नालाल सिकदार थारू समेतको* मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.न ८७५२,

लिलाम दर्ताबदर दर्ता कायम, *रामनारायण सिकदार थारू वि. धनालाल माझी थारू समेत*

दूषित लिलामपछि हक प्राप्त गर्ने व्यक्तिको जग्गामा दाताको हकभन्दा बढीमा हक हुनसक्ने नदेखिँदा त्यस्तो लिलामी कार्यले मान्यता पाउन नसक्ने ।

इजलास अधिकृत : नेत्रप्रसाद आचार्य
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं. २५०३, परमादेश समेत, *मीरा पुडासैनी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

जग्गा तथा मुआब्जा गैरकानूनी तवरले विपक्षीले रोक्का राखेको हुँदा फुकुवा गरिपाऊँ भनी निवेदन पर्न आएको हो, सोही जग्गा तथा मुआव्जाको विषयमा फुकुवा गरिदिनु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट २०६२।९।१० मा विपक्षी मालपोत कार्यालय चाबहिल र अधिकार सम्पन्न बाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिमा लेखी पठाई सकेको भन्ने प्रमाणस्वरूप पेश भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय सहितको मिसिल संलग्न फाइलबाट देखिन आएको अवस्थामा निवेदन मागको औचित्यतर्फ विचार गरी निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल चैत ३१ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं. २७२०, उत्प्रेषणयुक्त परमादेश, *गोपालसुन्दर लाल कक्षपती वि. नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड कमलादी काठमाडौं समेत*

निवेदक समेतलाई विपक्षी बनाई नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.ले ऋण असूली न्यायाधीकरणबाट यी निवेदकको दायित्व निजले कबुल गरेको शेयरको अधिकतम रकमसम्म सीमित हुने हुँदा प्रस्तुत मुद्दामा निजको हकमा अरू केही गरिरहनु परेन भनी मिति २०६६।४।२६ मा फैसला भए समेतबाट उक्त नेकोन एयरको ऋणको दयित्व यी निवेदकमाथि निहीत रहन जान्छ भनी भन्न नमिल्ने ।

निवेदकले उक्त नेकोन एयर लिमिटेडको सञ्चालक पदबाट राजीनामा दिइसकेका र निजको कम्पनीमा कूल चुक्ता पूँजीको १५ प्रतिशतभन्दा घटी अर्थात् ३.७ प्रतिशत बराबर मात्र शेयरको अंश कायम रहेको भन्ने देखिन आएको परिप्रेक्ष्यमा यी निवेदकलाई विपक्षी निकायहरूबाट कालो सूचीमा राख्न सिफारिश गर्ने तथा सो सिफारिशबमोजिम कालो सूचीमा नाम समावेश गर्ने गरेको निर्णय तथा सोसँग सम्बन्धित काम कारवाहीहरू कानूनसम्मत नदेखिँदा विपक्षी नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंकको सिफारिशबमोजिम कर्जा सूचना केन्द्र लि. बाट यी निवेदकको नाउँ कालो सूचीमा समावेश गर्ने गरेको निर्णय तथा सोसँग सम्बन्धित अन्य काम कारवाहीहरू कानूनअनुरूप भए गरेको नदेखिँने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल चैत ३१ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.नं. ९६६१, अंश, *मोती सिंह बम समेत वि. भवानीदेवी बम*

प्रतिवादी बीरेन्द्रबहादुरले अंशबापत नै जग्गा पाएको स्पष्ट हुन आएकोले अंश जस्तो नैसर्गिक हकबाट प्राप्त सम्पत्तिलाई पुनः बण्डा लगाउनु कानूनसम्मत एवं विवेकसम्मत नहुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम् ।

१५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०२२४, निषेधाज्ञा

मिश्रित परमादेश, *लक्ष्मी गहतराज समेत वि. विद्यालय व्यवस्थापन समिति, नमूना प्रा.वि. धुर्कोट गा.वि.स.खुम्बारी, नवलपरासी*

निवेदकहरूलाई विपक्षी विद्यालयले दिएको नियुक्तिपत्रमा नै निवेदकहरूले विद्यालयमा सेवा गरेबापत पाउने पारिश्रमिक किटान गरिएको, निजहरूको पदीय हैसियत अस्थायी प्रकृतिको रहे भएको भन्ने देखिएको, निजहरूलाई प्रदान गरिएको नियुक्तिपत्रमा उल्लिखित शर्तहरू स्वीकार गरी निवेदकहरू विपक्षी विद्यालयमा कार्यरत रहेको देखिएको समेतका आधार एवं कारणबाट निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी नहुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम् ।

१६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०६५०, बाली बिगो, *विजयकुमार थारू वि. खुशीराम थारू*

जग्गाधनी यी पुनरावेदक वादीलाई बुझाउनु पर्ने बाली बिगो लिन जग्गाधनीलाई खबर गर्दा समेत लिन नआएकोले कानूनबमोजिम उक्त बाली बिक्री गरी नगदमा परिणत गरी हुन आएको रकम रू.१,४४५।३३ जग्गाधनी बिजयकुमार थारूले पाउने गरी मिति २०५३।३।३१ मा धरौटी खाता नं. ४०९ मा भूमिसुधार कार्यालय बाँकेमा प्रतिवादीले धरौटी राखेको भन्ने कुरा मिसिल संलग्न रहेको सो धरौटीको बैंक भौचरको प्रतिलिपि समेतबाट देखिन आएको अवस्थामा केवल वादी दावी तथा पुनरावेदन जिकीरकै आधारमा मात्र उक्त फिल्डबुकमा उल्लेख भएको शर्तभन्दा बढी हुने गरी वादी दावीबमोजिम प्रत्यर्थी प्रतिवादीले अधियाको हिसाबले बाली बिगो बुझाउनु पर्ने रहेछ अर्थात् प्रत्यर्थी प्रतिवादीले भूमिसम्बन्धी ऐन, २०२१ ले निर्धारण गरेको मोहीको दायित्व तथा कर्तव्य समेत पालना गरेको रहेछन् भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम् ।

यसमा यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६४ सालको दे.पु.नं. ०६४९, बाली बिगो, *विजयकुमार थारू वि. खुशीराम थारू*
- २०६४ सालको दे.पु.नं. ०६५१, बाली बिगो, *विजयकुमार थारू वि. खुशीराम थारू*

१७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं.०४३२, हक निखनाई पाऊँ, *राममणि पन्थ वि. कीर्तिराम भण्डारी* समेत

सन्धिसर्पनका लागि एउटा जग्गा नभई अर्को जग्गामा आवतजावत निकास बाटो बन्द हुनु वा पानी लाने, लगाउने खेती लगायतका अन्य कार्य गर्न नपाउने हुनु पर्दछ । एउटा जग्गाको उपयोग र उपभोग अर्को जग्गामा पूर्णतया निर्भर रहेको हुनु पर्ने, खेतीयोग्य जग्गाको हकमा दुई जग्गा वा कित्ताको साँध जोडिँदैमा एक अर्काको सन्धिसर्पन पर्ने भनी सम्झन वा अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम् ।

१८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको फौ.पु.नं. ०६१९, कर्तव्य ज्यान, *प्रशान्त मणिकर्मी वि. नेपाल सरकार*

अनुसन्धानका क्रममा व्यक्त कथन स्वतन्त्र प्रमाणहरूको शृखलाद्वारा समर्थित भइरहेको स्थितिमा तिनलाई अविश्वास गर्न मिल्दैन । कुनै अपराध भयो भएन वा अपराध कसले गर्‍यो भन्ने कुरा मिसिल संलग्न सम्पूर्ण प्रमाणहरू र प्रचलित कानूनको रोहमा अदालतले बोल्ने कुरा हो । कुनै वा केही साक्षीले अदालतमा आई तत्काल अनुसन्धानका क्रममा व्यक्त गरेको कुराको प्रतिकूल बोले भन्दैमा निर्विवाद रूपमा मिसिल सामेल वस्तुगत तथा आधारभूत प्रमाणको प्रतिकूल अवधारणा बनाउन मिल्दैन । अनुसन्धान अधिकारीसमक्ष कुनै साक्षीले

व्यक्त गरेको कुराका हकमा निजले त्यस्तो अभिव्यक्ति किन दिन परेको हो भन्ने कुरामा अदालतमा बकपत्र बयान गर्दा विश्वासिलो आधार दिएको छ, छैन भन्ने पक्ष पनि विचारणीय हुने ।

प्रतिवादी प्रशान्त मणिकर्मीको अधिकार प्राप्त अधिकारीसमक्षको बयानलाई घटनाका प्रत्यक्षदर्शी पीडित विकास प्रजापती र प्रज्वलमान सिंहको बकपत्र, घटना प्रकृति मुचुल्का, लास जाँच प्रतिवेदन र शव परीक्षण प्रतिवेदनबाट समेत समिर्थन भै रहेको स्थितिमा केवल अदालतमा इन्कारी हुँदैमा र प्रतिवेदनबाट समेत समर्थन भैरहेको स्थितिमा केवल अदालतमा इन्कारी हुदैमा र प्रतिवादीलाई पसलमा देखेको थिए भन्ने साक्षीको आधारले मात्र निर्दोष रहेछन् भन्न नमिल्ने ।

प्रतिवादीले मृतक प्रवीण खड्कालाई मार्ने योजना बनाई साथीहरूका साथ साली नदीमा आई मृतक समेत उपर आक्रमण गर्दा निजले हानेको छुरी प्रवीण खड्कालाई लागेको र मृतकको मृत्युको कारण धारिलो तीखो हतियारको प्रयोगबाट मुटुमा चोट लागी भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिँदा पूर्व रिस इवीअनुसार मृतकलाई बाटोबाट हटाउने मनसायले वारदातस्थलमा छुरी प्रहार गरेको र प्रतिवादीको प्रहारबाट नै प्रवीण खड्काको मृत्यु भएको देखिने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६६ साल चैत १८ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०३२८, हक कायम, *रेवियावती चौधरी समेत वि. अनुपलाल चौधरी*

विवादित कि.नं. ७९८ का जग्गामा अनूपलालको हकभोग भैरहेको देखिएको अवस्थामा सुगालालले राजीनामा गरी हक हस्तान्तरण गरेको तथ्यलाई गुम राखी अपुतालीको आधारमा प्रतिवादीहरूले सुगालालको मृत्युपछि आफ्नो नाममा नामसारी गर्ने र मालपोतको नामसारी गरिदिने निर्णय कानूनसम्मत नहुँदा सो नामसारी दर्ता बदर भै दावी जग्गामा वादी अनूपलाल चौधरीको हक कायम हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ०३२७, घर जग्गा खिचोला, *रेवीयावती चौधरी थारू समेत वि. देवनारायण चौधरी थारू समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६३ सालको रिट नं. ०६३-WO-०५२१, उत्प्रेषणयुक्त परमादेश समेत, *खेमराज खनाल वि. कौशिकी क्याम्पस, सुनसरी धरान समेत*

संवैधानिक वा कानूनी हकको हनन् भएमा मात्र यस अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचार प्रदान गर्नसक्ने संवैधानिक व्यवस्था भएको हुँदा क्याम्पसको विधान र प्रवन्धपत्र नेपाल कानून नहुने हुँदा विपक्षी कौशिकी क्याम्पसको विधान र प्रवन्ध पत्र अन्तर्गतको रिट निवेदन दावीमा यस अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गत निवेदक खेमराज खनाललाई मागबमोजिम उपचार प्रदान गर्न नसक्ने ।

यजलास अधिकृत उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : विपनादेवी मल्ल
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

२

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६३ सालको रिट नं. ०६३-WO-०८७५, उत्प्रेषणयुक्त परमादेश समेत, *गणेश सुवेदी वि. नेपाल धितोपत्र बोर्ड थापाथली, काठमाडौँ समेत*

धितोपत्र व्यवसायीले आफ्नो सदस्यता प्रत्येक असार मसान्तसम्ममा नवीकरण गराउनु पर्ने र सो अवधिभित्र नवीकरण गराउन नसकेमा त्यसको छ महिनाभित्रमा जरीवानासहित प्रमाणपत्र नवीकरण गराउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था

भएको देखिन्छ । उक्त अवधिभित्र पनि प्रमाणपत्र नवीकरण नगराएमा व्यवसायीको प्रमाणपत्र स्वतः खारेज हुने ।

कुनै कानूनले बाधा अवरोध नगरेको अवस्थामा आफ्नो प्रमाणपत्र नवीकरण गर्नपर्ने र नगरेमा प्रमाणपत्र स्वतः खारेज हुने बाध्यात्मक कानूनी व्यवस्था भएकोमा निवेदकले नवीकरणको प्रयास नै नगरी आफ्नो हक अधिकारप्रति सचेत भएको देखिएन । आफ्नो हक अधिकारप्रति सचेत नहुने व्यक्तिलाई अदालतले सहयोग गर्न सक्दैन । यो कानूनको मान्य सिद्धान्त नै हो । प्रस्तुत रिटमा निवेदकले आफ्नो प्रमाणपत्र समयमै नवीकरण गराउन पर्ने बाध्यात्मक कानूनी व्यवस्था हुँदाहुँदै र प्रमाणपत्र नवीकरण गर्न कुनै कानूनले अवरोध नगरेको अवस्थामा प्रमाणपत्र नवीकरण गर्न सक्रियता देखाएको पाइँदैन । यस्तो अवस्थामा रिट निवेदकको जिकीरलाई कानूनसंगत मान्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

३

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६५ सालको रिट नं.. ०६५-WO-०८७१, उत्प्रेषण परमादेश, *ढुण्डीराज शर्मा वि. प्र.मं.तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २४घ १(९) मा यस दफाबमोजिम बढुवा भएका कर्मचारीहरूको उपदफा (७) बमोजिम समायोजन नभएसम्म अन्य निकायको यसै दफाबमोजिम बढुवाद्वारा सिर्जना भएका विशेष दरबन्दीमा मात्र सरूवा गरिनेछ भन्ने स्पष्ट कानूनी व्यवस्थाको प्रतिकूल शाखा अधिकृत तहका गा.वि.स.सचिव पदमा दफा २४घ१ अनुसार बढुवा भएकाहरूलाई पदस्थापन गर्ने भनी भएको नेपाल सरकार मन्त्रिपरिषद् प्रशासन समितिको २०६५।१०।१७ को निर्णयको बाक्यांश र सोही आधारमा सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा बसेको २०६६।१।१६ को बैठकबाट भएको सरूवासम्बन्धी र अधिकार प्रत्यायोजनसम्बन्धी निर्णय समेत उपरोक्त कानूनी व्यवस्थाको प्रतिकूल भै त्रुटिपूर्ण देखिँदा निजामती सेवा ऐन, २०४९ को दफा २४(३) को उपदफा (१) र (२) अनुसार रा.प. तृतीय श्रेणीमा बढुवा भएका अधिकृतहरूलाई देहायअनुसार गा.वि.स. हरूमा पदस्थापन गरी पदपूर्ति गर्ने भन्ने निर्णय, सोही आधारमा गरिएको सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा मिति २००६६।१।१६ मा बसेको बैठकबाट भएको गा.वि.स. सचिव पदपूर्तिसम्बन्धी निर्णय एवं सो आधारमा गरिएको अधिकार प्रत्यायोजनसम्बन्धी पत्र, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारीबाट निवेदकलाई गा.वि.स. सचिव पदमा सरूवा गर्ने भनी गरेको मिति २०६६।२।३ को सरूवा निर्णय एवं मिति २०६६।२।३ को सरूवापत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

यसमा यसै प्रकृतिका निम्न मुद्दाहरूमाा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६५ सालको रि.नं. ०६५-WO-०८६९, उत्प्रषण परमादेश, *श्रीकान्त सापकोटा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६५ सालको रि.नं. ०६५-WO-०८७०, उत्प्रेषण परमादेश, *विष्णु पौडेल वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६५ सालको रि.नं. ०६५-WO-०८७२, उत्प्रेषण परमादेश, *कुलप्रसाद सापकोटा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६५ सालको रि.नं. ०६५-WO-०८७३, उत्पप्रेण परमादेश, *नेत्रविलास पन्त वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६५ सालको रिट नं. ०६५-WO-०८७४, उत्प्रेषण, परमादेश, *पूर्णभद्र घिमिरे वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

- २०६५ सालको रिट नं. ०६५-WO-०८७५, उत्प्रेषण, परमादेश, *बुद्धिप्रसाद गौतम वि. प्रमं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

४

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** २०६६ सालको रिट नं. ०६६-WO-०४६४, उत्प्रेषण, परमादेश, *सविता दाहाल सापकोटा वि. त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान स्नातक तह प्रवेश परीक्षा सञ्चालक समिति डिनको कार्यालय समेत*

छात्रवृत्ति मनोनयन गर्ने प्रयोजनका लागि परीक्षा सञ्चालन गरी परीक्षामा बढी अङ्क ल्याई उत्तीर्ण गरेपछि जेष्ठता, कार्य सम्पादन आदिको कारण देखाई परीक्षामा उत्तीर्ण भएकी निवेदिकालाई मनोनयन नगर्ने भनी विपक्षीहरूबाट भएको कार्य एवं निर्णयलाई स्वेच्छाचारी निर्णय मान्नुपर्ने ।

प्रवेश परीक्षामा बढी अङ्क ल्याएपछि कानूनतः प्राप्त गर्ने सुविधाबाट निवेदिकालाई बञ्चित गर्नु भनेको कानूनको समान संरक्षणको हकको उल्लंघन भएको मान्नुपर्ने हुन्छ । अर्कोतर्फ योग्य व्यक्तिलाई छनोट नगर्ने हो भने योग्यता प्रणाली नै समाप्त हुन गै अराजकता र निरंकुशताको स्थिति पैदा हुन जाने ।

प्रवेश परीक्षामा उच्च अङ्क ल्याउँदा ल्याउँदै निजको नाम सिफारिश नगरेको विपक्षीहरूको कार्यबाट निवेदिकाले शिक्षा आर्जन गर्न पाउने हक र समानताको हकबाट बञ्चित हुनु परेको, योग्य व्यक्तिको योग्यता र क्षमतामाथि प्रश्न चिन्ह उपस्थित भएको र निवेदिकाप्रति भेदभावपूर्ण व्यवहार गरिएको भन्ने स्पष्ट रूपमा देखिएकोले B.N.. Hospital Nursing मा भर्ना भै अध्ययन कार्य पनि निकै अगाडि बढेको भएपनि निवेदिकाको कारण त्यस्तो भएको नहुँदा निवेदिकाले अध्ययन कार्य पूरा गर्न सक्छु भनी इजलाससमक्ष प्रतिवद्धता व्यक्त गरेको हुँदा निवेदिकालाई B.N. Hospital Nursing मा TUTH sponsered quota मा अध्ययन गर्नका लागि तुरून्त भर्ना गरी अध्ययन तथा परीक्षासम्बन्धी कार्यमा समावेश गरी निवेदिकालाई पनि अरूसरह समान सुविधा एवं सहुलियत प्रदान गर्नु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल जेठ २० गते रोज ५ शुभम् ।

५

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको फौ.पु.नं. ३६५३, अवैध काठ ओसार पसार, *नेपाल सरकार वि. रामजीवन थारू*

सहअभियुक्तको पोल अन्य स्वतन्त्र तथ्य एवं प्रमाणबाट प्रमाणित हुन नसकेको अवस्थामा त्यस्तो पोललाई मात्र आधार मानी प्रतिवादीलाई आरोपित कसूरमा कसूरदार ठहऱ्याई सजाय गर्नु न्यायसंगत हुँदैन । फौजदारी मुद्दामा अभियोग दावी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादीमा रहन्छ । प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले यी प्रतिवादी राम जीवन थारूउपरको अभियोग दावी स्वतन्त्र र तथ्ययुक्त प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा अभियोग पत्रको आधारमा मात्र आरोपित कसूरमा सजाय गर्नु न्यायसंगत नहुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम् ।

६

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** २०६१ सालको दे.पु.नं. ८५६५, दर्ता बदर हक कायम, *राजु खड्का वि. गंगाराम लामा*

विवादित कि.नं. ३५८ को जग्गा यी प्रतिवादी गंगाराम लामाले २०५० सालमा नापी दर्ता गराई जग्गाधनी प्रमाण पूर्जा समेत प्राप्त गरी भोगचलन समेत गरेको कुरामा २०५५।११।१८ गते थाहा पाएको भनी मुलुकी ऐन, जग्गा पजनीको १७ नं. का आधारमा ६ महिनाको हदम्यादभित्र दायर गरेको भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल पुस १९ गते रोज १ शुभम् ।

७

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको रिट नं.०६५-WO-०५६५, परमादेश, हिरामणी *चापागाईं समेत वि. शिक्षा मन्त्रालय समेत*

शिक्षा ऐन, २०२८ मा भएको २०६३ सालको संशोधनले दफा ११ (च) को उपदफा १(घ) मा समावेश गरेको कानूनी व्यवस्थाबमोजिम सामुदायिक विद्यालयमा रिक्त हुन आएका शिक्षक पदहरू अस्थायी रूपमा पूर्ति गर्ने कार्य अबिलम्ब अन्त्य गरी प्रत्येक वर्ष विज्ञापन गरी ६ महिनाभित्र स्थायी रूपमा पदपुर्ति गर्ने व्यवस्था गर्नु गराउनु र ऐनमा भएको उपरोक्त व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

८

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको रिट नं. ३३८६, परमादेश, *भरतरराज खनाल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नियमावलीमा नै स्पष्ट र किटानी रूपमा स्थायी शिक्षकलाई मात्र तलव बृद्धि ग्रेड दिने व्यवस्था भएको अवस्थामा नियमावलीमा व्यवस्था नै नभएको सुविधा दिलाई पाऊँ भनी अस्थायी शिक्षकमा कार्यरत् निवेदकहरूले ग्रेड तलव बृद्धि पाउने कानूनी आधार रहे भएको नदेखिँदा तलव वृद्धि उपलब्ध गराउन परमादेशको आदेश जारी गरी पाऊँ भनी पर्न आएको प्रस्तुत रिट निवेदनको औचित्य नभएकोले खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

९

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको रिट नं.०६५-WO-०५६६, परमादेश, *टीकाबहादुर घर्ती क्षेत्री समेत वि. शिक्षा मन्त्रालय समेत*

शिक्षा ऐन, २०२८ मा भएको २०६३ सालको संशोधनले उक्त ऐनको दफा ११(च) पछि थप गरिएको उपदफा १ (ग) मा भएको उपदफा (१क) र (१ख) बमोजिमको प्रतियोगिताबाट स्थायी हुन नसकेका शिक्षकहरूमध्ये पाँच वर्षभन्दा बढी अवधि अस्थायी शिक्षकको रूपमा काम गरेका शिक्षकलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा दिन सकिने व्यवस्थाबमोजिम त्यस्ता अस्थायी शिक्षकलाई के के सुविधाहरू दिन सकिने हो शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा १ पछि थप गरिएको उपदफा (१ग) को सम्बन्धमा तुरून्त निर्णय गरी त्यस्ता सुविधा दिने दिलाउने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

१०

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. ३५२६, परमादेश, *कृष्णप्रसाद शर्मा (धनञ्जय) वि. सरस्वती संस्कृत तथा साधारण उच्च मा.वि. देउराली, नवलपरासी*

अघि भएको ऐन नियमलाई पछि बनेको ऐन नियमले प्रतिस्थापन गर्ने र अघिल्लो ऐन नियममा भएको व्यवस्था पछिल्लो ऐन नियममा भएको उक्त व्यवस्था स्वतः निष्क्रिय वा खारेज हुने र कुनै काम कुराको सम्बन्धमा तत्काल प्रचलित ऐन कानून नै लागू हुने कानून व्याख्याको सिद्धान्त र उमेरको हकमा सेवा अवधि घटाउने बढाउने कुराले निवेदकले प्राप्त गर्न सक्ने वा पहिले प्राप्त गरेको वा हासिल गरेको अन्य सेवा सुविधालाई प्रतिकूल असर नपार्ने भएकोले प्रचलित शिक्षा नियमावली, २०५९ बमोजिम ६० वर्षको उमेरमा निवेदकलाई शिक्षक सेवाबाट अवकाश दिएको कार्यमा कुनै कानूनी त्रुटि विद्यमान रहे भएको नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको रिट नं. ३५२७, परमादेश, *श्यामानन्द शर्मा (सुवेदी) वि. जिल्ला शिक्षा कार्यालय, चितवन भरतपुर समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रिट न. ३३८५, परमादेश, *धर्मेन्द्र थापा समेत वि. प्र.म.. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरू २०२८ सालमा राष्टिय शिक्षा पद्धति योजना लागू हुनुपूर्व निजी स्रोतबाट अस्थायी हुँदै स्थायी सेवामा प्रवेश गरेका शिक्षकहरू भएका र शिक्षा नियमावलीले उक्त योजना लागू हुनुपर्ने स्थायी रूपमा कार्यरत् शिक्षकहरूको सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना गरिने भन्ने व्यवस्था गरेको र भिन्नै प्रकृतिका सेवामा कार्यरत् अस्थायीबाट स्थायी भएका कर्मचारीहरूसँग तुलना गरी भिन्न प्रकृतिको सेवामा रहेका निवेदकहरूले गरेको दावीलाई संविधानको धारा ११ ले प्रत्याभूत गरेको समानताको हकको प्रतिकूल भएको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

१२

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०६३-WO-००८०१, उत्प्रेषण, *रविन्द्रकुमार शाक्य वि. सागररत्न शाक्य समेत*

फिरादमा अन्दाजी ४० फीट भनी स्पष्ट जिकीर गरेको, अदालतबाट फैसला हुँदा पनि फिराद दावीअनुसार नै हुने र प्रतिवादीले कतै पनि ४० फीट होइन ४ फीट मात्र भनी स्पष्ट लेखिएको देखिन्छ । फैसलाको पूर्ण पाठको स्रोत राय किताबमा पनि ४० फीट भनी स्पष्ट लेखिएको देखिन्छ । फैसलाको पूर्ण पाठको स्रोत राय किताब हो । राय किताब भनेको मुद्दाको दुबै पक्षको कुरा सुनी न्यायाधीश आफू Convince भएपछि फैसलाको सारांश लेख्ने टिपोट हो । यही राय किताबको आधारमा पछि फैसलाको पूर्ण पाठ तयार हुन्छ । राय किताबविपरीत पूर्ण पाठ तयार हुन सक्तैन । तसर्थ राय किताबले फिराद दावीलाई समर्थन गरेको हुँदा भत्काउनु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

१३

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ०००८, ६८१, ६८२, ठगी, *नेपाल सरकार वि. देवीरमण बडाल, देवीरमण बडाल वि. नेपाल सरकार वि. देवकी बडाल*

ठगीको अपराध हुन धनीलाई जुनसुकै व्यहोरासँग धोका दिई गफलतमा पारी अरूको चल अचल धनमाल लिने कार्य भएको हुनुपर्छ । यस मुद्दामा कि.नं. २२१ र २३६ का जग्गा खरीद गर्न र त्यसमा निर्माण भएको घर निर्माण गर्न रकम विदेशीबाट आएकोमा विवाद भएन । हाम्रो कानूनी व्यवस्थाअनुसार विदेशी नागरिक अचल सम्पत्तिको धनी बन्न सक्दैन । त्यही कारणले गर्दा पछि नामसारी गरिदिने शर्तमा प्रतिवादीको विश्वासमा परी प्रतिवादीकै नाममा जग्गा खरीद र घर निर्माण भएको देखिन्छ । कानूनी प्रक्रिया पूरा गरी प्रतिवादीको नामबाट संस्थाको नाममा नामसारी गर्ने शर्तमा dealing भएकोमा प्रतिवादीले धोका दिई जग्गा र घर आफ्नो भनी दावी गर्ने कार्य ठगीको १ नं. को परिभाषाअनुसार ठगी हो । यसरी प्रतिवादीले ठगीको अपराध गरेको प्रमाणित भएकोले प्रतिवादी देवीरमण समेतले ठगी गरेको भन्ने शंकारहित तवरले प्रमाणित भएको देखिदा समाज सेवा गर्ने पवित्र उद्देश्यले विदेशीको सहयोगमा स्थापित संस्थाको रू. ९१,९०,५३१।०४ पर्ने जग्गा र घर आफ्नो नाममा राखेर संस्थालाई फिर्ता नगरी संस्था र विदेशीलाई ठगी गरेको ठहऱ्याई दुबै प्रतिवादीलाई

जनही कैद ३ वर्ष ३ महिना र बिगोको आधा-आधा जरीवाना हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल बैशाख ८ गते रोज ४ शुभम् ।

१४

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. CR-०२९२, ०४६५, लागू औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. गणेशमान गोपाली समेत, गणेशमान गोपाली वि. नेपाल सरकार*

प्रतिवादी इन्द्रबहादुर लागू औषध सेवनको कसूरमा सम्म सावित भएको देखिएको, निज लागू औषध सञ्चय, खरीद बिक्रीमा संलग्न रहेको अन्य कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि भएको नदेखिएको स्थितिमा बाबु छोरा एउटै घरमै बसेकै आधारमा असान्दर्भिक दफा १७ बमोजिम मतियारमा सजाय गर्ने गरेको कानूनतः सो हदसम्म मिलेको नदेखिँदा निज इन्द्रबहादुर श्रेष्ठलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) बमोजिम सेवनको कसूरमा १ वर्ष कैद र रू.१०,०००।- जरीवाना हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

१५

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६६ सालको रिट नं.०६६-WO-०६०८, उत्प्रेषण, *बासुदेबराम जोशी समेत वि. नेपाल राष्ट्र बैंक समेत*

निवेदकहरूलाई नेपाल राष्ट्र बैंकबाट स्पष्टीकरण सोधिएको मितिले १ वर्षसम्म नेपाल भित्रका बैंक तथा वित्तीय संस्थामा कुनै पनि प्रकारको बैंकिङ सेवा दिन नपाउने गरी रोक लगाउने भनी नेपाल राष्ट्र बैंकबाट मिति २०६५।११।६ मा निर्णय भएकोमा स्पष्टीकरण सोधिएको १ वर्ष अवधि व्यतीत भै निवेदकहरूलाई गरिएको कारवाहीको समय सीमा समाप्त भैसकेको देखिन आयो । निवेदकहरूलाई गरिएको उक्त कारवाही लामो समयसम्म कायम नरहने भन्ने निवेदन लेखाई र उक्त निर्णयबाट नै देखिएको र सो निर्णयबाट निवेदकहरू माथि लागेको १ वर्षे बन्देज ब्यतीत भैसकेको हुँदा निवेदन मागको कुनै अर्थ र प्रयोजन देखिन आएन । निवेदकहरूलाई गरिएको कारवाहीको समय सीमा समाप्त भैसकेको देखिँदा रिट जारी गर्नु प्रयोजनहीन हुन जाने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

१६

**मा.न्या श्री बलराम के.सी. र मा.न्या श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं.०६६-CR-०५४७, भ्रष्टाचार, *नेपाल सरकार वि. पार्वती थापा समेत*

सरकार आफैं वादी हुने मुद्दा २०५८।३।१९ बाट २ वर्षको हदम्याद कायम गरी २०५८।३।१९ बाट २ वर्षभित्र अभियोग पत्र दायर भैसक्नुपर्नेमा २०६३।७,१३ मा मात्र मुद्दा दायर भएको हुँदा दफा २४क को हदम्याद नाघी दर्ता भएको प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश नगरी खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

१७

**मा.न्या श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ११३८, उत्प्रेषणयुक्त परमादेश, *ईश्वरीप्रसाद आचार्य वि. प्रदीपकुमार मानन्धर समेत*

निवेदकले दावी गरेको विवादित जग्गामा विपक्षी प्रदीपकुमार मानन्धरले घर निर्माण गरी सकेको देखिएको र निवेदकको जग्गामा विपक्षी प्रदीपकुमारले उक्त घर बनाएको हो वा होइन भन्ने विषयमा कास्की जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा परी हाल विचाराधीन अवस्थामा रहेको देखिएबाट त्यसको निराकरण सोही मुद्दाबाट हुने देखिँदा उक्त मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न नमिल्ने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६५ सालको रिट नं. ०२३७, परमादेश समेत, *गोरे लामा वि. पर्शुराम ढकाल समेत*

प्रमाण कागजात भएको मोहीलाई कागजात नभएको भनी सिफारिश नगर्ने गरी गरेको गा.वि.स.को व्यवहार विभेदपूर्ण देखिएकोले निवेदक यो आदेशबमोजिम आफूसँग भएका प्रमाणसहित निवेदन लिई आएमा निजसँग भएका फिल्डबुक उतार र ४ नं. जोताहाको अस्थायी निस्सासमेतमा देखिएको तथ्य उल्लेख गरी बाँकी कुरामा जो भएको तथ्य/राय व्यक्त गरी सम्बन्धित निकायमा सिफारिश गरी पठाउनु भनी विपक्षी गाउँ विकास समितिको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गौरी ढकाल,** फौ.पु.नं. ०६४-CR-०६१४, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. राजेश खड्का समेत*

जाहेरी दरखास्तमा र बकपत्र गर्दा समेत जाहेरवालाले प्रतिवादीहरूको आफ्नो सालासँग वादविवाद रहेछ तेरो साला कहाँ छ भनी मलाई सोधेपछि खुकुरी प्रहार गरेका हुन् भनी लेखाई दिएको पाइन्छ । यसरी जाहेरवालासँग ज्यान मार्नेसम्मको पूर्व रिसइवी नभएका प्रतिवादीहरूले निजलाई मार्ने नै नियतले खुकुरी प्रहार गरेको हो भन्ने भरपर्दो आधार प्रमाण जाहेरवाला स्वयंले र वादी नेपाल सरकारका तर्फबाट समेत पेश हुन सकेको देखिँदैन । ज्यानसम्बन्धीको १५ नं. अन्तर्गत ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन प्रतिवादीले ज्यानै मार्ने नियतले मर्नेसम्मको चोट प्रहार गरेको तर कुनै अवरोध उत्पन्न भएका कारण पीडितको ज्यान मर्न नपाएको अवस्था देखिनु पर्ने ।

जाहेरवालाको कथनमा नै एकरूपता नरहेको, प्रतिवादीहरूले जाहेरवालालाई कुनै पूर्व रिसइवीका कारण ज्यानै मार्ने नियतले खुकुरी प्रहार गरेको तथ्य स्थापित हुन नसकेको र संवेदनशील अंगमा प्रहार गरेको नभई चोटपटक समेत सामान्य प्रकृतिको देखिएको अवस्थामा ज्यान मार्ने उद्योगको वारदात कायम हुन नसक्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ०५६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. च्यावा तामाङ समेत*

मृतकको व्यवहार र कार्यको कारण प्रतिवादी टसीले आवेशमा आई मृतकलाई बञ्चरोको बिँडले प्रहार गरेकोसम्म देखिन आएको र सोही चोटको कारणबाट मृतकको मृत्यु भएको देखिएको यस्तो अवस्थामा यी प्रतिवादी टसी तामाङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर गरेको पुष्टि हुन सकेको अवस्था देखिँदैन । यसरी अभियोग दावीबमोजिमको कसूरको पुष्टि हुन नसकेको अवस्थामा ज्यानसम्बन्धी महलको १३(३) नं. यी प्रतिवादीको हकमा आकर्षित हुन सक्ने अवस्था नदेखिएको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल मंसिर १६ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको रिट नं. ०६४-WO-०२५७, उत्प्रेषण परमादेश, *रामचन्द्र गुप्ता वि. सूर्यनारायण शाह समेत*

रकम असूलीका लागि जिल्ला प्रशासन कार्यालयबाट हालसम्म निवेदकउपर कुनै कारवाही गरेको नदेखिएको र निवेदकउपर कारवाही गर्दा प्रमुख जिल्ला अधिकारीबाट कानूनी प्रक्रिया अपनाएर नै कारवाही गर्नुपर्ने हुन्छ । साथै लेखापरीक्षणबाट औंल्याएको रकम निवेदकले

समयमै दाखिला गर्नु निवेदकको कानूनी र नैतिक कर्तव्य पनि हो । प्रस्तुत मिसिलबाट विपक्षीहरूबाट निवेदकउपर कानूनप्रतिकूल कुनै कारवाही भएको देखिएन ।

तसर्थ निवेदकको पदावधि हाल समाप्त भैसकेको, त्रियुगा उद्योग वाणिज्य संघको विधान अन्तर्गत रहेर नै का.वा. अध्यक्षकै अध्यक्षतामा संघको बैठक राख्ने इत्यादि काम कारवाही भएको देखिएको र निवेदकउपर कानूनप्रतिकूल कुनै कारवाही भएको समेत नदेखिने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको दे.पु.न. ८९४९, दर्ता बदर दर्ता, *मनमोहन श्रेष्ठ वि. फत्तबहादुर श्रेष्ठ*

फिल्डबुक उतारसँग प्रतिवादीको बाजेको नाम मिल्न भिड्न नआएको, २०३० सालको रसिद पेश गरी वादीले बाबुको नामबाट हस्ते सही गरी दर्ता गरे लगायतको समग्र प्रमाणको मूल्याङ्कनबाट वादी दावीको कि.नं. २९० को क्षे.फ. १२-१४-२-२ जग्गा वादीकै देखिँदा प्रतिवादीहरूको नाममा गरेको दर्ता नामसारी बदर गरी वादीका नाममा दर्ता हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको फौं.पु.नं. ०६४-CR-०००५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर कुँवर समेत,* २०६६ सालको साधक नं. ०६५-RC-०१०७,*नेपाल सरकार वि. हिराबहादुर कुँवर*

प्रतिवादीले जिल्ला अदालतसमक्ष मृतकको मृत्यु झाडाबान्ताबाट भएको भनी विष खुवाई कर्तव्य गरी मारेको कसूरमा इन्कार भएपनि मिति २०६०।७।८ मा दिउँसो २।३ बजे देखि झाडाबान्ता हुन शुरू गरेको भनेकोमा श्रीमतीलाई रोकथाम औषधि उपचार गरेको भन्ने पनि नदेखिएको, मृतकको लाश जाँच नगराएको प्रतिवादीको घरबाट १ घण्टाको दूरीमा रहेको मृतकको माइतीपट्टीका मानिसलाई समयमै जानकारी पनि नदिएको र माइतीपट्टीको मानिस आई नपुग्दै हतार हतार लाश जलाएको जस्ता कारण र परिस्थितिजन्य प्रमाणहरूबाट अधिकार प्राप्त अधिकारीसमक्ष भएको प्रतिवादीको साविती बयानको पुष्टि हुन पुगेको देखिन्छ । यसका अलावा जाहेरवाला पूर्णबहादुर महतको बकपत्र र मौकामा कागज गर्ने बीरबहादुर बि.क., थानबहादुर महत, तोमबहादुर महत अबीन महतको बकपत्रमा पनि प्रतिवादीले नै विष सेवन गराई मृतकलाई कर्तव्य गरी मारेको भनी किटानी रूपमा उल्लेख गरेको देखिन्छ । यी समग्र आधारहरूबाट प्रतिवादी निर्दोष नदेखिएको र प्रतिवादीले नै विष सेवन गराई मृतकलाई कर्तव्य गरी मारेको देखिँदा जिल्ला अदालत बाग्लुङ र पुनरावेदन अदालत बाग्लुङबाट प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(२) नं. र ४ नं. बमोजिम सजाय गरेको मिलेकै अवस्था देखिँदा साधक सदर हुने ।

मृतकको लाश दबाउने प्रमाणबाट नष्ट गर्ने मतलबले लाश जलाउने कार्यमा संलग्न भएको भन्ने कुरा मिसिलबाट स्वतन्त्र रूपमा पुष्टि हुन आएको नदेखिँदा अभियोग दावीबाट प्रत्यर्थी प्रतिवादीहरू मानबहादुर कुँवर, उदयबहादुर कुंवर, धर्म कुँवर, चन्द्रकुमार कुँवरले सफाइ हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल फागुन १९ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. १००७, अंवण्डा जग्गा बण्डा, *किशोरी महतो सुडी समेत वि. मिश्रीलाल महतो समेत*

प्रमाण ऐन, २०३१ को दफा २६ मा देवानी मुद्दामा प्रमाणको भार वादीमा रहेको छ । प्रतिवादीले विवादका जग्गा मावलीबाट आमा

भुल्लीदेवीलाई अपुताली परी आएको भनी साविक स्रेस्ता, कागज पेश गरेको देखिन्छ । सो कागजातमा भुल्ली सुडीको नाउँमा नापी भएको भन्ने मिसिल संलग्न रैती ठकाई साहू सुडीका नाउँको स्रेस्ता कागजबाट समेत देखिन्छ । उक्त स्रेस्ता कागज अन्यथा हो भन्न वादीबाट प्रमाणित हुन नसकेपछि विवादित जग्गा प्रत्यर्थी प्रतिवादीकी आमाले माइतीपट्टीबाट अपुताली परी आएकोले अंशहकको नदेखिने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ ५ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको २०६४ सालको दे.पु.नं. १००६, लिखत दर्ता बदर, *किशोरी महतो सुडी समेत वि. मिश्रीलाल महतो समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५९ सालको दे.पु.नं. ८५४२, अंश, *नागिन्दर राउत अहिर समेत वि.धुपनारायण राउत अहिर*

कानूनले नै सगोलका परिवारका नाउँमा रहेको सम्पत्ति सगोलको हुने र सवैको हक लाग्ने भनेबाट समेत कसैको नाउँमा कुनै सम्पत्ति हुनु र कुनै फाराम भर्नु आफ्नो अंश बुझेको बण्डापत्र प्रयोजनको लागि पर्याप्त नमानेकाले प्रस्तुत मुद्दामा अंशबण्डाको ३० नं. आकर्षित हुन नसक्ने ।

प्रतिवादीहरूले अन्य व्यक्तिबाट निजी तवरमा हालैको वकसपत्रबाट प्राप्त गरेको सम्पत्ति सगोलको खरीदको हो भनी तथ्यगत रुपमा प्रमाणित गर्न नसकेकाले उक्त सम्पत्ति सगोलको खरिदी भन्ने नदेखिँदा मुलुकी ऐन सातौ संशोधन २०३४।९।२७ पश्चात् हालैको बकसपत्रबाट प्राप्त सम्पत्तिहरू अंशबण्डाको महलको १९ नं. बमोजिम निजी आर्जन मानी बण्डा नलाग्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल चैत १५ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको दे.पु.नं. ०६४-CI-०९९३, १०३०, बाटो तथा ड्रेन भत्काई खिचोला मेटाई चलन, *गणेशप्रसाद तिम्सिना वि. दधिराम दाहाल, दधिराम दाहाल वि. इटहरी नगरपालिकाको कार्यालय सुनसरी समेत*

सर्वसाधारणको आवागमन तथा सुविधाका लागि तयार भैसकेका संरचनाहरू भत्काउँदा सर्वसाधारणले सहज रूपमा आवागमन गर्न प्रयोग गरी आएको मार्गमा अवरूद्ध पुग्न जाने देखिन्छ । यस्तो अवस्थामा निर्माण भई सकेको संरचना भत्काउन मनासिव देखिएन । यसर्थ कि.नं. ६२८ को जग्गामा सडक तथा ड्रेन निर्माण गर्दा वादीलाई पुग्न गएको क्षतिको समुचित मूल्याङ्कन गरी विपक्षी नगरपालिकाबाट क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ**, २०६१ सालको दे.पु.नं. ९५८०, जग्गा नछाडी झ्याल ढोका खोल्न लागेको बन्द गराई पाऊँ, *सुशीलादेवी यादव वि. सुनीता बछार*

अघिल्लो लिखतमा लेखिएको शर्तलाई अनदेखा गरी पछि लिखत गरेको भएपनि अघि नै सिर्जना भइसकेको शर्तको उल्लंघन गर्न मिल्दैन बरू पछिल्लो लिखतवालाले अघि नै दाताले स्वीकार गरेको शर्तलाई मान्नुपर्ने हुन्छ । त्यस्तै प्रतिवादीले जग्गा खरीद गरी घर बनाउन नक्सा पास गरी झ्यालसमेत बनाइसकेकोमा सोउपर कुनै उजूरी नपरेकोमा अब आएर त्यस्तो झ्याल बन्द गरिपाऊँ भनी वादीले दावी गर्न समेत नमिल्ने ।

इजलमस अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल पुस ६ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०१४४, लिखत दर्ताबदर बाटो कायम चलन, *सुशीलादेवी यादव वि. सुनीता बछार समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको दे.पु.नं. ८६१०, डाँक लिलाम दर्ता बदर, *ममताकुमारी महतो सुडी वि. देवलाल साह समेत*

हदम्यादभित्रै परेको फिराद लेनदेन व्यवहारको ४० नं र प्रतिपादित सिद्धान्तसमेतबाट देखिएको, अंश मुद्दा परेपछि लेनदन मुद्दा दायर भएको, जालसाजी मुद्दाबाट प्रतिवादीले खाएको ऋणमा वादीको ऋण तिर्नुपर्ने दायित्व नरहेको विवादित जग्गामा वादीको हक देखिएको भन्ने फैसलालाई प्रतिवादीहरूसमेतले स्वीकार गरेको अवस्थामा वादी दावीबमोजिम डाँक लिलाम बदर गर्नुपर्नेमा फिराद दावी खारेज गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भै वादी दावीबमोजिम मिति २०५७।९।६ को डाक लिलाम र सोका आधारमा भएको दर्ता समेत २ भागको १ भाग वादीको हकसम्म बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं.०३८०, लिखत दर्ता बदर दर्ता, *सत्यनारायण महतो सुडी वि. रामएकवाल झा*

मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाण बुझ्नको लागि मिसिल तल्लो अदालतमा पठाउन सक्ने कानूनी व्यवस्था स्पष्ट भएको देखिन्छ । यसरी सो कानूनी व्यवस्थाबमोजिम शुरू अदालतले वादी र प्रतिवादीहरूले पेश दाखिला गरेका प्रमाणहरूको विवेचना र मूल्याङ्कन गरी बुझ्न बाकी ठहरे सो समेत आफैंले बुझी निर्णय गर्नसक्ने कानूनी व्यवस्था रहे भएको अवस्थामा विवादको विषयवस्तु धेरै पुरानो भई पुनरावेदन अदालत स्वयंले निर्णय गर्दा पक्षलाई सुविधा र राहत समेत हुने देखिँदा सो नगरी पुनः निर्णयको लागि शुरूमा पठाउने भनी गरेको पुनरावेदन अदालतको फैसला नमिलेकोले बदर हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल मंसिर २२ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ०३८१, *सत्यनारायण महतो सुडी वि. रामएकवाल झा* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको फौ.पु.नं. ३७४५, आगलागी, *गजुलाल दास तत्मा समेत वि. सुखल साह तेली*

घरमा आगजनी भएको नभई घर बाहिर रहेको वादीको ट्रेक्टरमा आगजनी भएको देखिँदा आगो लगाई दिने प्रतिवादीहरूलाई नोक्सान भएको ट्रेक्टरको बिगो भराई जनही ६ महिनाका दरले कैद सजाय हुनेमा यसै वारदात सँगसँगै घटित कर्तव्य ज्यान मुद्दामा कैद सजाय पाएका यिनै प्रतिवादीहरूलाई दण्ड सजायको ४१ नं. ले ठूलो कलमको मात्र सजाय हुने हुँदा कर्तव्य ज्यान मुद्दामा ठूलो कलमको कैद सजाय भएपछि यस मुद्दाको कैद समेत गाभेर सजाय गर्नु परेन । वादीको नोक्सान भएको बिगोसम्म प्रतिवादीहरूबाट वादीले भरी पाउने देखियो र जलेको ट्रेक्टर मर्मत गर्दा लागेको मर्मत खर्चको रीतपूर्वकको बिल पेश भएको मिसिलबाट देखिँदा सो बिललाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल चैत २९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-WO-०२७१, उत्प्रेषण मिश्रित परमादेश, *मुज्जफर अहमद लारी वि. आन्तरिक राजश्व कार्यालय, महेन्द्रनगर कञ्चनपुर समेत*

कानूनको रीत नपुऱ्याई जग्गाको धनीलाई आफ्नो कुरा भन्ने मौका समेत प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्त समेत विपरीत बक्यौता कर बुझाउने प्रत्यक्ष दायित्व बोकेको व्यक्ति बाहेकको निवेदकका नाउँमा रहेको कि.नं. १५४ घर जग्गाबाट लिलाम गरी बक्यौता रकम असूल गर्ने गरी मिति २०६६।३।२ को गोरखापत्रमा लिलाम गर्ने शिलबन्दी बोलपत्र आह्वान गरेको विपक्षी आन्तरिक राजश्व कार्यालय महेन्द्रनगर कञ्चनपुरको लिलामसम्बन्धी कारवाही त्रुटिपूर्ण देखिँदा कि.नं. १५४ समावेश भएको हदसम्मको लिलामसम्बन्धी सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

आन्तरिक राजश्व कार्यालय महेन्द्रनगरले दावी गरेको बक्यौता रकम सम्बन्धमा निवेदक सहमत नभएको देखिँदा सो सम्बन्धमा कानूनबमोजिम गर्नुपर्ने कारवाही र किनारा सरकारको राजश्व असूलीसम्बन्धी पुरानो विवाद भएकोले चाँडो गर्नु भनी विपक्षीको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६७ साल बैशाख ८ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६२ सालको दे.पु.नं. ७९९२, घर उठाई जग्गा खिचोला चलन, *रामप्रसाद अरूण वि. लक्ष्मण चौधरी समेत*

कुनै जग्गा मेरो हो भनी दावी गर्नेले त्यसको हक भोगको आधारभूत एवं निश्चयात्मक प्रमाण पनि पेश गर्न सक्नु पर्दछ, मेरो हो भनी दावी गर्नु मात्र पर्याप्त हुँदैन । प्रस्तुत मुद्दाका पुनरावेदक वादीले विवादित जग्गा कसरी प्राप्त गरेका हुन् ? कति जग्गा बाँकी थियो ? र कति खिचोला भई कति बाँकी छ भनी कानूनद्वारा मान्य प्रमाण पेश गरी पुष्टि गर्न सकेको देखिँदैन । यस्तोमा आफ्ना जग्गाको वास्तविक क्षेत्रफल देखिने आधारभूत प्रमाण वादीले देखाउन नसकेको अवथामा निजको जग्गा प्रतिवादीले खिचोला गरेको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल फागुन १० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३०९४, उत्प्रेषण, परमादेश समेत, *मञ्जुदेवी कशोधन बानियाँ वि. राधेश्याम कसोधन वाँनिया समेत*

अदालतबाट भएको फैसला एवं छुट्याएको बण्डामा तत्काल कायम रहेका अंशियार जयप्रकाश समेतलाई अंशियार कायम गरी बण्डा भएकोमा निजको भाग समेत छुट्याई दिएको अवस्थामा त्यस्तो कार्यउपर चित्त नबुझे अ.बं. ६१ एवं १७ नं. बमोजिमको वैकल्पिक उपचारको मार्ग अवलम्बन गर्नुपर्नेमा नगरी बण्डा छुट्याई अंशियार बीच दा.खा. दर्ताको लागि लेखी पठाएको झण्डै पाँच वर्षपछि सो बण्डा मुचुल्का बदर गरिपाऊँ भनी प्रत्यर्थी जयप्रकाश कशोधनको हकमा निजको आमा सुधा कसोधनले बाँके जिल्ला अदालतमा दिएकोमा निवेदनका आधारमा बण्डा मुचुल्का बदर गर्ने गरेको बाँके जिल्ला अदालतको मिति २०६१।३।४ को आदेशलाई सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०६१।४।२८ को आदेशबाट निवेदकको हकमा प्रत्यक्ष असर परेको देखिँदा उक्त आदेशहरू बिलम्बको सिद्धान्त एवं फैसला अन्तिमताको सिद्धान्त समेतको आधारमा कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत २९ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६१ सालको रिट नं. ३०११, उत्प्रेषण, परमादेश समेत, *हंसादेवी कशोधन बाँनियाँ वि. बाँके जिल्ला अदालत, नेपालगञ्ज समेत* भएको मुद्दामा यसैअनसुार फैसला भएको छ ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको WO-०६१२, उत्प्रेषण समेत, *कण्डोली चौधरी वि. जयबहादुर चौधरी समेत*

अदालतबाट भएको अन्तिम फैसलाले स्थापित गरेको कानूनी हक, हैसियत र फैसलाबमोजिम कायम भई रहेको परिणाम अन्य कारणले परिवर्तन हुन सक्तैन । अन्तिम भई बसेको फैसलालाई सम्बन्धित पक्षले कार्यान्वयन नगराएमा वा कार्यान्वयनको चरणमा सम्बन्धित पक्षले तारेख गुजारी बसेकै कारणले मात्र फैसलाको अस्तित्व एवं हैसियतलाई प्रभाव पार्न सक्दैन । फैसलाले स्थापित गरेको हक सारवान हक हुने र त्यस्तो सारवान हक अपरिवर्तित हक हुने हुँदा तारेख गुजारी बसेको कार्यविधिगत कुराबाट कायम भएको सारवान हकलाई कार्यविधिगत कुराले निस्तेज वा निष्क्रिय गर्न नसक्ने ।

कुनै व्यक्तिले असम्बन्धित व्यक्तिउपर कुत दिलाई मोही निष्काशन गरिपाऊँ भनी मुद्दा दिएकै कारणले मात्र त्यस्तो असम्बन्धित व्यक्तिको माहियानी हक कायम हुन्छ भन्न मिल्दैन । मोहियानी हकको सिर्जना र समाप्ति समेत कानूनबमोजिम हुने हुँदा जग्गाधनीले असम्बन्धित व्यक्तिउपर दिएको मुद्दाकै कारणले कायम भई रहेका दर्तावाल मोहीको हक समाप्त भएको तथा यी निवेदकको स्वतः मोहियानी हक सिर्जना भएको मान्न नसकिने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युतटर : सानु पौडेल
इति संवत् २०६६ साल पुस १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ०२२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. करू कोली समेत*

मृतक जीवित छँदा दिएको निवेदनमा को कसले कहाँ कहाँ प्रहार गरी कहाँ चोट लागेको हो भनी खुलाउन नसकेको पोष्टमार्टम रिपोर्ट समेतबाट कुटपीटको कारणले मृतकको मृत्यु भएको हो भन्ने कुरा खुल्न नआएको भनी लेखाई दिएका समेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरूको कुटपीटको कारणले मृतकको मृत्यु भएको भन्ने तथ्य स्थापित हुन सकेको नदेखिएकोले प्रतिवादीहरूलाई अभियोग दावीबाट सफाइ हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६६ साल कात्तिक १७ गते रोज ३ शुभम् ।

**इजलास नं. ७**

१

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३-CR-०१५५, सवारी ज्यान, गोपाल *अग्रवाल समेत वि. नेपाल सरकार*

प्रतिवादी दिलीप कार्कीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम कसूरदार ठहऱ्याई सजाय गर्ने गरेको फैसला केही उल्टी गरी ऐ दफा १६१(२) बमोजिमको कसूरमा कैद वर्ष २ (दुई) सजाय गरेको पुनरावेदन अदालत राजबिराजको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । सवारी धनी प्रतिवादी गोपाल अग्रवालबाट उक्त ऐनको दफा १६१(५) बमोजिम क्षतिपूर्ति र किरिया खर्चको रकम अदालतबाट भराई दिन नमिल्नेमा सो समेत भराउने गरेको पुनरावेदन अदालत राजबिराजको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी हुने ।

इजलास अधिकृत : हरिराज कार्की
इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. १०६९, ८६३६,

लेनदेन, *धर्मरत्न शाही समेत वि. तीर्थबहादुर सुइपर समेत, पूर्णमाया स्वीपर वि. धर्मरत्न शाही समेत*

दावीको लिखतबमोजिमको कार्य प्रतिवादीहरूले पूरा गरेको कारणबाट करारबमोजिम गरिपाऊँ भन्ने मुद्दा दायर गरेकोमा प्राविधिक कारणबस प्रतिवादीका नामको जग्गा फुकुवा हुन नसकेको भनी उक्त मुद्दाको फैसला समेतको स्थापित भैसकेको अवस्था र स्थितिमा वादीहरू उक्त लिखतमा साहुको हैसियतमा रहे भएको र निजहरूमध्ये ज्ञानरत्न उमेर पुगेको व्यक्ति भै धर्मरत्नको सहोदर दाजु भन्ने समेत देखिन आएको अवस्थामा भाई धर्मरत्नको उमेर १६ वर्ष नपुगेको भन्ने आधारमा मात्र प्रतिवादीहरूको पति पिता ससुराले दावीबमोजिमको रूपैयाँ लिई गरिदिएको सो लिखतबमोजिमको रकमको दायित्वबाट उन्मुक्ति प्राप्त गर्ने र सो लिखतको थैली समेत भूस हुन सक्ने कुनै कानूनसम्मत र तर्कसम्मत आधार कारणसमेत नदेखिँदा लिखतबमोजिमको रकम भरिदिनु पर्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल मंसिर २५ गते राज ५ शुभम् ।

३

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** संवत् २०६३-CR-०१५८, भ्रष्टाचार, *राधाप्रसाद घिमिरे वि. नेपाल सरकार*

आफूले नियमित रूपमा गर्नुपर्ने कार्य र पूरा गर्नुपर्ने पदीय जिम्मेवारी स्वभाविक रूपले कर्तव्यनिष्ठ भै इमानदारीपूर्वक निर्वाह गर्नुपर्नेमा Malafied Intention राखी रोक्का रहेको जग्गालाई रोक्का छैन भनी उल्लेख गरिदिएको कारणबाट उल्लिखित जग्गा रमादेवी गौतमको नाममा हस्तान्तरण भएको र सो जग्गा कृषि विकास बैंकले मिति २०५९।४।१२ को सूचनापत्रबमोजिम आफैले सकार गरेको स्थितिबाट रमादेवी गौतमलाई गैर कानूनी हानि नोक्सानी हुन गएको अवस्थामा निजको कार्यबाट उत्पन्न परिणाम समेतका आधारमा बदनियतपूर्ण रहे भएको मान्नुपर्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल साउन २७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-०५८८, मोही नामसारी, *दुर्योधन शुक्ला वि. दुर्गादास तत्मा*

साविक मोहीको मृत्युपश्चात् जग्गाधनीले मरूवा मोहीको लगत कट्टा समेत नगराएको तथा भूमिसम्बन्धी ऐन, २०२१ ले दफा २९ ले तोकेको अवस्था बाहेकका अवस्थामा मोहियानी हक समाप्त नहुने हुँदा दावीको जग्गा वादीको नाउँमा मोही नामसारी हुने ।

इजलानस अधिकृत : उद्धब गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असार १८ गते रेज ६ शुभम् ।

५

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-७४४, मोही लगत कट्टा, *नसीम अक्तर मियाँ वि. लक्ष्मण मण्डल*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को (१) का खण्ड (ग) हेर्दा "कुनै मोहीले जग्गा छोडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोहियानी हक समाप्त भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारी छेउ २५ दिनभित्र दिनु पर्दछ र तोकिएको अधिकारीले सो कुरा जाँचबुझ गरी दफा २५ को उपदफा ५ को खण्ड (ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्दछ" भन्ने व्यवस्था उल्लेख भएको देखिएबाट प्रतिवादीले जग्गा जोत्न छाडी भागेको भए सो कुराको सूचना तोकिएको अधिकारी छेउ २५ दिन भित्र दिई जाँचबुझ गराई दर्ता किताब सच्याउनु पर्नेमा सो नगरी मोही लगत कट्टा गरिपाऊँ भनी २०६१ सालमा भूमिसुधार कार्यालय सुनसरीमा उजूरी दिएको देखिएको हुँदा उल्लिखित उजूरीका आधारमा मोही लगत कट्टा गर्न नमिल्ने ।

इजलास अधिकृत : उद्धब गजुरेल

कम्प्युटर : रानु पानैडेल

इति संवत् २०६७ साल असार १८ गते रोज ६ शुभम् ।

- यसमा यसै लगाउको २०६६-CI-०७४३, मोही बेदखली, *महमद ससिम अक्तर मिया*

*समेत वि. लक्ष्मण मण्डल* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-०३४९, बेलगती मोही कट्टा, *महेश महतो धानुक वि. दुलाचरण महतो धानुक*

विवादित जग्गाको मोही पुनरावेदकका स्व. विता राम औतार महतो धानुक देखिएको र राम औतार धानुकको मृत्यु पश्चात् निजको मोहियानी हक निजका छोराहरूमध्ये पत्याएका छोरा दूलारचन महतो धानुकको नाममा सरी आएको अवस्था देखिँदा भूमिसुधार कार्यालय बाराको फैसला उल्टी हुने विवादित जग्गामा मोही रामऔतार महतो धानुकको मोहियानी हक यथावत कायम हुने ।

इजलास अधिकृत : उद्धब गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असार १८ गते रोज ६ शुभम् ।

**इजलास नं. ८**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. WO-०५९८, उत्प्रेषणयुक्त परमादेश समेत, *भिक्टर प्रधान वि. श्रम अदालत समेत*

**मा.न्या.श्री ताहिर अली अन्सारीको रायः**

श्रम अदालतको निर्णयबाट निवेदकको संवैधानिक वा कानूनी हकको हनन् नभएको र श्रम अदालतले अधिकार क्षेत्रात्मक त्रुटि नगरेको देखिन आएकोले दूषित मनसायले र कानूनविपरीत स्थायी कामदारलाई अवकाश दिइएको निर्णय बदर गर्ने गरी श्रम अदालतले विद्यमान ऐन नियमअनुरूप आफूसमक्ष परेको पुनरावेदन ग्रहण गरी २०६५।७।२२ मा गरेका निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिने ।

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्यायको रायः**

पुनरावेदकीय अधिकार कानूनी अधिकार हो । कानूनमा नै यससम्बन्धी व्यवस्था भएको हुनुपर्छ । कानूनमा स्पष्ट पुनरावेदकीय अधिकार प्रदान गरेको छैन भने त्यस्तोमा कसैले आफ्नो स्वेच्छाले पुनरावेदन गर्न पाउने होइन । त्यसकारण प्रस्तुत रिट निवेदनका विपक्षी नरबहादुर समेत हटाइएका कर्मचारी, कामदारहरूले सञ्चालक समितिले हटाउने गरी गरेको निर्णयउपर श्रम अदालतमा पुनरावेदन गरेको र क्षेत्राधिकारविहीन त्यस्तो पुनरावेदन ग्रहण गरी श्रम अदलतले निर्णय गरेको समेत मिलेको नदेखिने ।

मा.न्या.श्री ताहिर अली अन्सारीबाट रिट खारेज हुनु पर्दछ भनी व्यक्त रायसँग मेरो असहमति हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम प्रस्तुत निवेदनलाई पूर्ण इजलाससमक्ष पेश गर्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल जेठ १६ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैंअनुसर फैसला भएका छन् :

- २०६५ सालको रिट नं. WO-०५९९, उत्प्रेषणयुक्त परमादेश समेत, *भिक्टर प्रधान वि. श्रम अदालत समेत*
- २०६५ सालको रिट नं. WO-०६००, उत्प्रेषणयुक्त परमादेश समेत, *भिक्टर प्रधान वि. श्रम अदालत समेत*

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको दे.पु.नं. ०१३१, मोही नामसारी, *सान्नानी कस्ती वि. मंगली कस्ती*

भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनपछि मात्र अविवाहित छोरीले मोही नामसारी गर्न पाउने व्यवस्था गरेको पाइन्छ । तर उक्त चौथो संशोधन मिति २०५३।९।२४ देखि मात्र लागू भएकोले सो भन्दा अगावै पनि सो व्यवस्था लागू रहेको भनी अर्थ गर्न मिल्दैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा भएको चौथो संशोधनले मात्र मोही नामसारी सम्बन्धमा

अविवाहित छोरीको हक सिर्जना गरेको हो । तर उक्त संशोधन प्रारम्भ हुनुभन्दा धेरै पहिला २०२२ सालमा मोही लालबहादुरको र मोही हक नामसारी नहुँदै मोहीकी श्रीमतीको पनि २०३५ सालमा परलोक भई सकेकोले अहिले आएर अविवाहिता छोरी यी वादीको नाममा मोही हक नामसारी हुन नसक्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल बैशाख १० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८३०६, लिखत दर्ता बदर दर्ता, *दुलारीदेवी समेत वि. कासी महतो समेत*

वादीहरू र प्रतिवादीमध्येका कासी महतो एकासगोलका अंशियार रहे भएकोमा विवाद नरहेको र प्रतिवादी कासी महतोको विवादित सम्पत्ति रामनाथ महतोलाई हक छाडी दिएको कुरामा सगोलका अंशियार वादी समेतको मञ्जूरी लिएको वा निजको आफूखुस गर्न पाउने सम्पत्ति हो भन्ने कुरा प्रतिवादीहरूले सबूद प्रमाण समेतबाट स्थापित गराउन नसकेको अवस्थामा स्वाभाविक रूपमा त्यस्तो सम्पत्तिलाई वादीहरूको अंश हकको सम्पत्ति मान्नुपर्ने हुन्छ । त्यस्तो अंशहक लाग्ने सम्पत्तिमा वादीहरूले लिखत दर्ता बदरतर्फ दावी लिन उल्लिखित अदलको ३ नं. व्यवस्थाले वादीहरूलाई निषेध गरेको अदालतको ३ नं. मा प्रयुक्त अंश प्राप्त भयो भने भन्ने शब्दहरूभित्र अंशमा दावी गर्ने र प्राप्त गर्ने हक पनि पर्दछ । कानूनले प्रदान गरेको कुनै पनि हक आलंकारिक मात्र हुन नसक्ने ।

अंश अपुतालीमा दावी गर्ने हक विदेशी नागरिकलाई प्राप्त नहुने मान्यता राख्ने हो भने विदेशी नागरिकका हकमा अदलको ३ नं. द्वारा संरक्षित हकको कुनै अर्थ रहदैन । विधिकर्ताले निष्क्रिय र निष्प्रयोजित शब्दावली प्रयोग गरेको मान्न नमिल्ने ।

अ.वं. ८२ नं. ले हकदैयाको व्यवस्था गर्दा स्वदेशी र विदेशीमा कुनै भेदभाव गरेको छैन । जसको जुन कुरामा हक पुग्छ, उसले सो कुरामा दावी गर्न पाउने अ.वं. ८२ को व्यवस्था समस्त मानव जातिप्रति लक्षित छ । अंश वा अपुताली प्राप्त गर्न जे जस्ता कानूनी उपचारको मार्ग छन्, ती सबै विदेशीलाई समेत प्राप्त छन् । आफ्नो अंशहक लाग्ने सम्पत्ति प्राप्त गर्न व्यवधान खडा गर्ने लिखतका विरूद्ध कानूनबमोजिम दावी गर्ने अधिकार यी वादीहरूलाई समेत हुने ।

राष्ट्रिय कानूनका रूपमा हाम्रो मुलुकी ऐनमा समाहित भएर रहेका यी अंश र अपुतालीको हक प्राप्त गर्ने र अदलको ३ नं. को सीमाभित्र रही उपभोग गर्न समेत विदेशी नागरिकलाई कानूनले कुनै बन्देज लगाएको छैन । केवल विदेशी नागरिकको दावी भन्दैमा अंश वा अपुताली प्राप्त गर्न बाधा खडा गर्ने लिखत यदि प्रचलित नेपाल कानूनले बदर हुने प्रकृतिको रहेछ भने त्यो बदर हुन्छ । कानूनी हकको प्रयोजन यसलाई पूर्ण रूपले प्राप्त गर्नुमा निर्भर रहने ।

वादी प्रतिवादीको नेपालभित्रको सम्पत्तिमा नेपाल ऐन कानून नै लागू हुने हुँदा अंशवण्डाको महलले वादीको समेत हक लाग्ने सम्पत्तिको विषयमा प्रतिवादीहरूबीच भएको लिनुदिनु व्यवहारबाट वादीहरूको अंशसम्बन्धी हकमा असर पुगेको र अंशसम्बन्धी हकले हाम्रो कानूनी प्रणालीमा नैसर्गिक हकको रूपमा मान्यता पाएको हुँदा सोको स्थापनाको लागि उपचार खोज्नलाई विदेशी नागरिकको हकमा उक्त ऐनले अवरोध पुऱ्याउने नभै त्यस्तो सम्पत्ति निजहरूको नाममा दर्ता हुनबाट रोक्ने अभिप्राय मात्र राखेको देखिन्छ । अंश वा अपुतालीबाट प्राप्त हुने सम्पत्तिमा विदेशी नागरिकको हक कायम हुने अवस्था भए उल्लिखित कानूनी व्यवस्थानुसार त्यस्तो सम्पत्ति नेपाल नागरिकलाई बिक्री गरी वा कुनै व्यवहारले हक छाडी दिन मिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल मंसिर २१ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६० सालको देवानी पुनरावेदन नं. ८३०५, घर जग्गा हटाई जग्गा खिचोला चलन, *रामउदार सिंह समेत वि. नेपाली महतो कोइरी*
- २०६० सालको देवानी पुनरावेदन नं. ८३०४, लिखत दर्ता बदर दर्ता, *दुलारीदेवी समेत वि. कासी महतो समेत*
- २०६० सालको देवानी पुनरावेदन नं. ८३०७, अंश दर्ता, *दुलारीदेवी समेत वि. कासी महतो कोइरी समेत*

४

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ९४१०, मिलापत्र बदर, *ललितवीर सिंह तुलाधर वि.भीमबहादुर खत्री*

कि.नं. २२४ को जग्गा २०४६।१।९ मा ललितवीरको नाउँमा दर्ता भएको भनी जिकीर लिएको भएतापनि सो दर्ता भएको प्रमाण मिसिल संलग्न रहेको नपाइएको र मालपोत कार्यालय काठमाडौँले पनि सो निर्णयको फाइल पेश गर्न सकेको समेत नदेखिँदा वादी दावी पुग्न सक्नेसम्मको अवस्था र स्थितिको विद्यमानताको अभावमा वादी दावी नपुग्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल मंसिर ३० गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- २०६१ सालको स.अ.दे.पु.नं. ९४११, निर्णय दर्ता बदर, *ललितवीर सिंह तुलाधर वि. भीमबहादुर खत्री*
- २०६१ सालको दे.पु.नं. ९४१२, *ललितवीर सिंह तुलाधर वि. भीमबहादुर खत्री*

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री रणबहादुर बम,** २०६६-RE-०१४६, करार ऐनबमोजिमको आदेश, *सुवास श्रेष्ठ वि. नागरिक उड्डयन कार्यालय*

करार गर्ने दुई पक्षबीचभन्दा पृथक तृतीय पक्षलाई बुझ्ने आदेश गरेको गैह्रकानूनी हुन्छ, हुँदैन निर्णायक विषय हुन आएकाले कतिपय अवस्थामा तृतीय पक्षलाई बुझ्नु पर्ने परिस्थिति सिर्जना हुन सक्ने यथार्थतामा करारको परिपालना गराउन तृतीय पक्षको प्रत्यक्ष संलग्नताको पुष्ट्याइ वा सो पक्षबाट प्रत्यक्ष व्यवधान सिर्जना गरेका अवस्था देखिएमा अदालत त्यस्तो पक्षलाई बुझ्न स्वतन्त्र हुन्छ । तर प्रत्यक्ष संलग्नताको पुष्ट्याइ नभै कुनै एक पक्षले कुनै असान्दर्भिक तथ्य उजगार गरी करारको पालना अवरोध उत्पन्न गर्नासाथ तृतीय पक्ष बुझी निर्णय गर्नु न्यायिक औचित्यताभित्र पर्न नआउने ।

सम्बन्धित यूनियन बुझ्ने भनी करारप्रतिकूल आदेश गर्दा करार ऐनको वास्तविक सीमाङ्कनको अतिक्रमण हुन जान्छ । यसै परिप्रेक्ष्यमा यूनियन बुझ्ने भनी गरेको आदेश स्वतः बदरभागी हुने ।

इति संवत २०६७ साल साउन ९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ५४४, डाँका, *नेपाल सरकार वि. राजु महतो समेत*

फौजदारी विधिशास्त्रअनुसार शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने सर्वमान्य सिद्धान्त भएकोले आरोपित कसूर शंकारहित तवरले मालाकार प्रमाणबाट अभियोजन पक्षले स्थापित गराउन सक्नु पर्ने हुँदा प्रतिवादीहरूको मौकामा भएको बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिँदा र वास्तविक यथार्थता पुष्ट्याइ गर्न असमर्थ अनुसन्धानको आधारमा मुद्दा चलाएको देखिँदा सबै प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर अधिकृत : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ६ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको फौ.पु.नं. ५४७, डाँका, *नेपाल सरकार वि. रञ्जित मण्डल समेत*
- २०६४ सालको फौ.पु.नं. ५४६, डाँका, *नेपाल सरकार वि. राजु महतो समेत*
- २०६४ सालको फौ.पु.नं. ५४५, डाँका, *नेपाल सरकार वि. राजु महतो समेत*

३

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको दे.पु.नं. ९७४८, ७८१२, निषेधाज्ञा, *पद्मराज शर्मा वि. मानबहादुर खड्का, डिभिजन सडक कार्यालय महेन्द्रनगर वि. मानबहादुर खड्का*

सार्वजनिक सडक ऐन, २०३१ ले प्रदान गरेको अधिकारअनुरूप सडक क्षेत्र सुरक्षण गर्न सडक विभागको अधिकार हुने हुँदा मापदण्डविपरीत निर्माण गरिएको सडकबाट घर टहरा हटाउन सक्ने नै हुँदा पुनरावेदन अदालत, दिपायलबाट जग्गा प्राप्ति ऐन, २०३४ अनुरूप जग्गा प्राप्त गरी क्षतिपूर्ति र मुआब्जा समेत दिई घर टहरा भत्काउन सक्ने गरी जारी गरिएको मिति २०६१।११।२३ को निषेधाज्ञाको आदेश मिलेको नदेखिँदा उक्त आदेश बदर हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल असार ६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३२४९, उत्प्रेषण समेत, *विष्णुराज कोइराला वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

कानूनद्वारा प्राप्त अधिकारको दायरा नाघी अर्को निकायको अधिकार स्वयं ग्रहण गरी निवेदकको एक तलब स्केल घटुवा गर्ने गरी मिति २०६१।५।२४ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको बैठकले गरेको निर्णय र सो निर्णय कार्यान्वयनका लागि उदयपुर सिमेन्ट कारखाना लिमिटेड सञ्चालक समितिबाट भएको २०६१।६।१८ को निर्णय लगायतका सम्पूर्ण पत्राचार एवं काम कारवाहीमा अधिकारक्षेत्रात्मक त्रुटि समेत रहेको देखिँदा उक्त निर्णयहरू र सो पश्चात् भएका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी
इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६० सालको रिट न. २९३१, उत्प्रेषण मिश्रित परमादेश, *राजकिशोर लाल कर्ण वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

कैलाली जिल्लाको शिक्षा विषय शिक्षक पदसख्या ३ को लेजर (कच्चेवारी) हेर्दा यी रिट निवेदक राजकिशोर लाल कर्णको वस्तुगततर्फको प्रश्नको कोड १६४ को प्राप्ताङ्क ०७ भएकोमा ७ लाई सच्याएर ९ जस्तो देखिएको र उक्त महलमा भएका उक्त अङ्क अन्य महलमा भएको अङ्क ९ को लेखनशैली र बनोटभन्दा भिन्न देखिएको सो प्राप्ताङ्कको अक्षर महलमा सात लेखिएकोमा सोलाई प्रष्टसँग काटेर त्यसपछि अक्षरमा नौ लेखिएको र कूल प्राप्ताङ्कको जोडमा ३५ लेखिएकोमा ३५ को ५ अङ्कलाई सच्याएर Over Write गरिएको र नाङ्गो आँखाले समेत सहजै देख्न सकिने अवस्थामा रहेको पाइयो । लिखित परीक्षामा निवेदकले प्राप्त गरेको प्राप्ताङ्कमा अङ्क अक्षर समेत सच्याइएको र अनुत्तीर्ण व्यक्ति अनियमित तवरले उत्तीर्ण हुने गरी संशोधन गरेको देखिएको अवस्था र स्थितिमा शिक्षक सेवा आयोग (दोस्रो संशोधनसहित) नियमावली, २०५७ को नियम २६(२) को कानूनी व्यवस्थाको आधारमा सक्षम निकायबाट निवेदकको सिफारिश बदर भएको भन्न सकिने अवस्था नहुँदा मागबमोजिम आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : हरिराज कार्की
इति संवत् २०६६ साल पुस ५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६० सालको रिट न. ३३८७, उत्प्रेषण

परमादेश, *नवराज थापा समेत वि. शिक्षक सेवा आयोग समेत*

वेभसाइटमा मिति २०६०।७।२९ को निर्णयानुसार भनी विज्ञापन नं. १।०५२।०५३ को सिफारिश सूचना प्रकाशित गरेको र सोमा आफ्नो नाम समेत योग्यताक्रम सूचीमा परेको भनी निवेदनमा उल्लेख गरेको भए तापनि उक्त सूचनाको सत्यता स्थापित हुन सकेको अवस्था देखिँदैन । विपक्षी शिक्षा आयोगको लिखित जवाफ व्यहोरा आयोगको निर्णय पुस्तिकासमेतबाट समर्थित भैरहेको अवस्थामा निवेदन जिकीरबमोजिमको अप्रमाणित र अनधिकृत सूचनाको भरमा मात्र दावीको पदमा निवेदकको कुनै कानूनी हक सिर्जना भएको भन्न नसकिने र निवेदकहरू सरोकारवाला व्यक्तिसमेत नदेखिँदा मागबमोजिम आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल पुस ५ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६० सालको रिट नं. ३२७३, उत्प्रेषणयुक्त परमादेश, *श्यामसुन्दर बोगटी समेत वि. शिक्षक सेवा आयोग समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७०५, आयकर, *राजभाई शाक्य वि. सीताराम अग्रवाल*

सञ्चालकहरूबाट निर्व्याजी रकम रू.१५,२०,२६८।१० प्राप्त गर्न बाँकी हुँदाहुँदै बैंकहरूबाट कर्जा लेनदेन गरी तिरेको ब्याज खर्च कम्पनीलाई बढी आर्थिक दायित्व थप गर्ने हेतुले मात्रै लिएको मान्नुपर्ने अवस्था देखियो । यस स्थितिमा सञ्चालकहरूबाट वास्तविक प्राप्त हुन बाँकी उक्त रकमको हदसम्मको उद्योगले बैंकबाट लिएको कर्जामा तिरेको ब्याज खर्च आय आर्जनसँग असम्बन्धित देखिएकोले मिनाहा दिन नमिल्ने ।

करदाताले राखेको लेखालाई मात्र आधार लिई जर्तिलाई मान्यता दिदै जाने हो भनी करदाता उद्योगले लेखा राखी जतिसुकै जर्ति देखाउँदै जाने र सो बापत रकम मिनाहा मागी आयकर छल्ने गुञ्जायस रहने हुन्छ । अतः तत्सम्बन्धमा निश्चय नै निश्चित Norms हरू निर्धारण हुनु आवश्यक हुने ।

ढुवानीतर्फको खर्च मिनाहा दिएको मिलेको देखिन्छ । तथापि सञ्चालकलाई दिएको रकमतर्फको ब्याज रू.८५,८९३।- जर्तितर्फको ९९,६१३।४८ र लागतभन्दा घटी मूल्यमा बिक्री भएको रू.४,५५,२४८।८२ खुद आयमा समावेश नगरी मिनाहा दिएको खुद आयमा समावेश हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल पुस २० गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०५९ सालको दे.पु.नं. ३७०७, आयकर, *राजभाई शाक्य वि. सुरेशचन्द्र अग्रवाल*

उद्योग आफैंले प्रतीतपत्रबापत भुक्तानी दिन सक्ने अवस्था विद्यमान हुँदा हुँदै सञ्चालकलाई प्रतीतपत्र खोल्न रकम दिएको भन्ने कुराको पुष्टि हुन सक्ने आधिकारिक निर्णय विवरण कागजात समेत पेश दाखिल गर्न नसकेको स्थितिमा कर कार्यालय बिराटनगरले उक्त आ.व. २०४८/४९ मा सञ्चालक वर्गको रू.५०,२९,६०२।३० बक्यौता समेत लिन बाँकी छँदाछँदै उद्योगलाई ऋणभार बढाई ब्याज खर्च लेखेको हुँदा सो ऋण भारलाई आधार मानी गणना गर्दा सञ्चालकले लिएको रकमको हुन आउने ब्याज रकम रू.१,२४,६९३।०५ मिनाहा नहुने भनी उक्त रकम खुद आयमा समावेश गरेको मनाशिव देखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल पुस २० गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३७०४, आयकर, *राजभाई शाक्य वि. सुरेशचन्द्र अग्रवाल*

पेश गरेको बील भरपाई समेतबाट खर्चहरू पूँजीगत प्रकृतिका खर्च हुन् भनी नखुलेको अवस्थामा स्पष्ट आधार र कारण बिना केही खर्च बिना बीलको र केही पूँजीगत खर्च भनी मनोगत आधारमा उक्त रकमलाई खुद आयमा समावेश गर्न मिल्ने समेत नदेखिँदा उक्त रकमलाई मिनाहा दिनुपर्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल पुस २० गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा. न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं.०५२६, उत्प्रेषणयुक्त परमादेश, *शशिबिक्रम शाह वि. सशस्त्र प्रहरी बल नीलबराही गण बलम्बु, काठमाडौँ समेत*

निवेदकउपर लगाइएको लागू औषध मुद्दाको अभियोगमा सफाइ पाएको जानकारी भएपछि निवेदकलाई हाजिर हुन आउनु भनी सूचना जारी गर्नुपर्नेमा पूरा गर्नुपर्ने न्यूनतम् दायित्व समेत निर्वाह नगरी सफाइ पेश गर्न मौका समेत प्रदान नगरी खोज तलास गर्दा फेला नपरेको भन्ने कल्पित आधारमा निवेदकलाई भविष्यमा सरकारी नोकरीबाट अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी सशस्त्र प्रहरी बलबाट मिति २०६४।३।१० मा भएको निर्णय सदर गरेको उपत्यका सशस्त्र प्रहरी बल महानिरीक्षकको मिति २०६४।६।१५ को निर्णय सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१, सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९१(१), ९५ तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

एक पटक यस अदालतबाट भएको आदेशको उचित पालना नगरी नोकरीबाट हटाउने गरी भएका निर्णयहरू बदर भई सेवा पुनर्बहाली हुने गरी आदेश भएकोमा विपक्षी निकायहरूले निवेदकलाई समयमा नै नोकरीमा पुनर्बहाली नगरी अदालतको आदेशप्रतिकूल कार्य गरेको देखिँदा आदेश प्राप्त भएको मितिले १५ दिनभित्र निवेदकलाई विपक्षी निकायहरूले नोकरीमा पुनर्बहाली गरी हाजिर गराई सेवा सुविधा दिने दिलाउने काम गर्न लगाउने समेतका कार्य नगरे विपक्षीहरू विरूद्ध यसै फैसलालाई आदेश मानी अदालतको अपहेलनामा मुद्दा चलाउन यस अदालतका रजिष्ट्रारका नाउँमा निर्देशनात्मक आदेश समेत जारी हुने ।

इजलास अधिकृत : अम्बिका निरौला
इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

**इजलास नं. १०**

१

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.नं. ८२७१, ८२९३, निषेधाज्ञा, *सुशीला पाण्डे वि. उर्मीला प्रधान, लक्ष्मणराज पाण्डे वि. उर्मीला प्रधान*

दाताको नै निर्विवाद हक स्थापित भै नसकेको सम्पत्तिमा विपक्षी उर्मीला प्रधानले घरायसी रूपमा करारनामा गरी लिएको भनी उल्लेख गरेको र सो करारनामा समेत कानूनी रूपमा पारित गरी लिएको नदेखिएको अवस्थामा विवादित जग्गामा विपक्षी निवेदिकाको निर्विवाद हक स्वामित्व स्थापित भएको भन्न सकिने स्थिति नदेखिँदा यसरी आफ्नो निर्विवाद हक स्वामित्व नै स्थापित नभएको सम्पत्तिका सम्बन्धमा परेको मुद्दामा माग दावीबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६४-CR-३९२,०३५६, जबरजस्ती करणी, *इन्द्रबहादुर मोक्तान वि. नेपाल सरकार, नेपाल सरकार वि. इन्द्रबहादुर मोक्तान*

प्रतिवादी इन्द्रबहादुर मोक्तान अधिकार प्राप्त अधिकारीसमक्ष झङ्केली छोरी ख कुमारीलाई पटक-पटक करणी गरी आएको र २०६१।८।६ गते अन्तिम पटक जबरजस्ती करणी गरेको भनी आरोपित कसूरमा सावित रहेको, पीडितले करणी गरेको भनी जाहेरीलाई समर्थन गरी बकपत्र गरेबाट उक्त वारदात यी प्रतिवादीले घटाएको भन्ने पुष्टि भैरहेको स्थितिमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल जेठ ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या. श्री सुशीला कार्की,** २०६५-CI-००१२, परमादेश, *राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय धम्बोजी नेपालगञ्ज समेत वि. मोहम्मद जमिल खाँ*

ऋणीले कर्जा चुक्ता गरिसकेको परिप्रेक्ष्यमा कर्जा सुरक्षणबापत ऋणीको जग्गा धितो राख्ने बैंकले कर्जा भुक्तान भएपछि नियमानुसार धितो फुकुवा गरिदिनु पर्ने दायित्व पूरा गरेको नदेखिँदा उक्त रोक्का कायमै रहेको निवेदकको जग्गा अबिलम्ब फुकुवा गरिदिनु भनी प्रत्यर्थी राष्ट्रिय वाणिज्य बैंकको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल माघ ७ गते राज ५ शुभम् ।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या. श्री सुशीला कार्की,** २०६५-CI-०००८, निषेधाज्ञा मिश्रित परमादेश, *जयदेव भट्ट समेत वि. महेन्द्रनगर विकास समिति, महेन्द्रनगर कञ्चनपुर समेत*

व्यापार गर्ने प्रयोजनको लागि सटरहरू भाडामा लिनको लागि विभिन्न शर्तहरू राखी दुबै पक्षहरूले सहिछाप गरी एक एकप्रति सम्झौता लिनुदिनु गरेकोमा समेत विवाद देखिँदैन । निवेदनसाथ पेश गरेका जयदेव भट्ट, मीनराज अधिकारी समेतका व्यक्तिहरू र नगर विकास कार्यालयबीच भएका सम्झौता पत्र लिखत समेतको प्रकृति र स्थिति हेर्दा निवेदक र विपक्षीबीच करारीय दयित्व सिर्जना हुने गरी सम्झौता भएको देखिन आएको र निवेदकहरूले समेत उक्त सम्झौतालाई करार होइन भनी भन्न नसकेको अवस्था र स्थितिमा करारीय दायित्व रहेको विषयमा मर्का पर्ने पक्षहरूले अर्को पक्षउपर कानूनबमोजिम उपचारको बाटो अवलम्बन गर्न सक्ने नै देखिँदा त्यस्तो वैकल्पिक उपचारको बाटो रहेको करारीय दायित्वको विषयमा निषेधाज्ञा मिश्रित परमादेशको आदेश आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०७७२, निषेधाज्ञा, *किटनी कार्पेट प्रा.लि. समेत वि. नेपाल राष्ट्र बैंक के.का. समेत*

वाणिज्य बैंक ऐन, २०३१ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७ समेतले बैंकको ऋण असूलउपर गर्ने सम्बन्धमा प्रदान गरेको अधिकारको प्रयोग गरी बैंकको ऋण नतिर्ने ऋणीले ऋण लिँदा सुरक्षण लेखी दिएको सम्पत्तिबाट बैंकमा साँवा ब्याज असूलउपर गर्ने प्रयोजनका लागि बैंकले लिलामसम्बन्धी प्रक्रिया अबलम्बन गरेबाट पुनरावेदकको नागरिक हक हनन् भयो भनी सम्झन नमिल्ने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती**, २०६२ सालको दे.पु.नं. ९६५३, जग्गा खिचोला मेटाई हक कायम, *चेतकुमारी श्रेष्ठ वि. नारायणराज जोशी*

विवादित जग्गाको प्रकृति सर्भे नक्सा मुचुल्काबाट दावीको जग्गाको दक्षिणपट्टिको सीधा रेखाभन्दा उत्तरतर्फ प्रतिवादीको जग्गा रहेको, प्रतिवादीको कि.नं. ३६४ को जग्गामा निजले दातासँग खरीद गरेभन्दा केही बढी क्षेत्रफल देखिएको, प्रतिवादीले काठमाडौं नगरपालिकाबाट २०४७ सालमा घर बनाउँदा नक्सा पास गराउँदा वादीको तर्फबाट कुनै अवरोध नभएको तथा मालपोत कार्यालय काठमाडौँको २०५०।१०।२५ को निर्णयबाट समेत प्रतिवादीको साविकअनुरूप नपुग हुन आएको जग्गा वादीको कि.नं. ३९१ मा बाँकी भनी लेखिएको आधार एवं कारणबाट वादीको सा.कि.नं. ३२ हाल कायम कि.नं. ३९१ को जग्गाबाट न.नं. ४ मा उल्लेख भएको ०-१-०-३ जग्गा प्रतिवादीले खिचोला गरेको ठहर्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

इति संवत् २०६६ साल माघ १० गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CR-०६६७, ०४९८, कर्तव्य ज्यान र डाँका, *नेपाल सरकार वि. भुवन घिमिरे समेत, नागेन्द्रकुमार पासवान वि. नेपाल सरकार*

बरामद भएको धनमाल बाहेक अरू सामान वा रूपैंया प्रतिवादीहरूले खाई मासेको वा अरू कसैलाई दिएको भन्ने कुरा कहीं कतैबाट खुल्न आएको कुनै प्रमाण छैन । बिना प्रमाण बरामद भएभन्दा बढी जाहेरीमा बिगो उल्लेख हुँदैमा उल्लेख भएकै बिगो डाँका गरेको भनी कोरा तर्क र अनुमानका आधारमा बिगो कायम गर्न न्यायसंगत हुँदैन । जति बिगो बरामद भएको छ सो बराबरको धनमाल डाँका गरेको मान्नुपर्ने हुन्छ । त्यसकारण प्रतिवादीहरूबाट बरामद भएको बिगो नै डाँका गरिएको बिगो कायम गरी सोबमोजिम सजाय हुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६५-CR-०६६८, डाँका चोरी, *नेपाल सरकार वि.चन्द्रेश्वर पासवान समेत*
- २०६५-CR-०६६९, ०४९९, डाँका चोरी, *नेपाल सरकार वि. मुकेश पासवान समेत, नागेन्द्रकुमार पासवान वि. नेपाल सरकार*
- २०६५-CR-०६७०, ०५००, डाँका चोरी, *नेपाल सरकार वि. भुवन घिमिरे समेत, नागेन्द्रकुमार पासवान समेत वि. नेपाल सरकार*
- २०६५-CR-०६७१, *नेपाल सरकार वि. धनिकलाल पासवान समेत*
- २०६५-CR-०६७३, डाँका चोरी, *नेपाल सरकार वि. भुवन घिमिरे समेत*

## एकल इजलास

१

**मा.न्या.श्री तपबहादुर मगर,** २०६६ सालको रिट नं. ०४५६, उत्प्रेषण मिश्रित परमादेश, *जोखनप्रसाद मुराउ वि. राम सुमिरुन मुराउ*

आफ्नो नामको म्याद यी निवेदक आफूले बुझेको मिसिल संलग्न कागजातबाट देखिएको, तामेलदारले चिनी म्याद बुझाउनु पर्ने व्यक्तिलाई म्याद बुझ्नु पर्ने व्यक्ति आफैंले बुझेको अवस्थामा त्यस्तो म्याद बेरीतको नहुने भन्ने म्याद तामेलीसम्बन्धी कानूनी व्यवस्था र यसै अदालतबाट उपर्युक्त सम्बन्धमा प्रतिपादित सिद्धान्त समेतलाई आधार लिई जिल्ला अदालत र पुनरावेदन अदालत दुबै तहबाट बेरीत भएको भनी लिइएको निवेदन जिकीर बमोजिमको म्याद रीतपूर्वककै देखिने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल मंसिर १९ गते रोज ६ शुभम् ।

यसमा यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप फैसला भएका छन्:

- २०६६ सालको रिट नं. ०४५५, उत्प्रेषण मिश्रित परमादेश, *जोखनप्रसाद मुराउ वि. पुनरावेदन अदालत, बुटवल समेत*
- २०६६ सालको रिट नं. ०४५७, उत्प्रेषण मिश्रित परमादेश, *जोखनप्रसाद मुराउ वि. पुनरावेदन अदालत, बुटवल समेत*

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको WO-१०४४, उत्प्रेषण परमादेश, *जैलाल गोसाई वि. मैनु मियाँ समेत*

प्रतिवादीहरूको नाउँको इतलायनामा म्याद मिति २०६६।७।११ मा तामेल भएको र सो तामेली म्याद बदर नहुने भनी शुरू अदालतबाट मिति २०६६।१०।१४ मा आदेश भएको र अ.बं. १७ नं. बमोजिम शुरूको सो आदेशउपर पुनरावेदन अदालत हेटौंडामा निवेदन परेकोमा सम्बन्धित तामेली म्याद बेरीत भएको कारण र आधार समेत स्पष्ट खोली शुरूको आदेशलाई बदर गर्ने गरेको काम कारवाहीबाट निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात परेको भन्ने कुरा प्रथमदृष्टिमै देखिन नआएबाट प्रस्तुत निवेदनमा कारण देखाउ आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल वैशाख ३० गते रोज ५ शुभम् ।

## सर्वोच्च अदालत गतिविधि

### सर्वोच्च अदालत र संवैधानिक तथा न्यायिक पत्रकार मञ्चको संयुक्त आयोजनामा आयोजित "न्यायपालिका र प्रेस सम्बन्ध" विषयक एक दिवसीय गोष्ठीमा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले दिनु भएको मन्तव्य

**यस कार्यक्रमका सभापतिज्यू,**
**सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यू,**
**सर्वोच्च अदालतका रजिष्ट्रारज्यू,**
**न्याय परिषद्का सचिवज्यू,**
**नेपाल बार एशोसिएशनका अध्यक्षज्यू,**
**नेपाल पत्रकार महासंघका सभापतिज्यू,**
**सहभागी पत्रकार मित्रहरू ।**

सर्वोच्च अदालत र संवैधानिक तथा न्यायिक पत्रकार मञ्चको संयुक्त आयोजनामा आयोजित **"न्यायपालिका र प्रेस सम्बन्ध"** विषयक एक दिवसीय सेमिनारको उद्घाटन सत्रमा मलाई आमन्त्रण गरी मन्तव्य समेत राख्ने अवसर प्रदान गर्नु भएकोमा आयोजकहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मुलुक संक्रमणकालबाट गुज्रिरहेको र संविधान सभामार्फत् संविधान निर्माण गर्ने प्रयास भइरहेको वर्तमान समयमा स्वतन्त्र न्यायपालिका एवं प्रेस स्वतन्त्रताको विषयमा पनि अनेक बहस र विचार विमर्शहरू भइरहेका छन् । वास्तवमा कुनैपनि खुल्ला समाजमा मौलिक हक, मानवाधिकार, प्रेस स्वतन्त्रता, उत्तरदायी सरकार र स्वतन्त्र न्यायपालिकालाई प्रजातान्त्रिक शासन व्यवस्थाका अत्यावश्यक पूर्व शर्तको रुपमा हेरिन्छ । भावी संविधानमा रहने शासन प्रणालीको रुपरेखा एवं नागरिक स्वतन्त्रता र न्यायपालिका लगायतका विषयमा अझैपनि स्पष्ट मार्गचित्र किटान भैनसकेको सन्दर्भमा **"न्यायपालिका र प्रेस सम्बन्ध"** को विषयमा आयोजना हुन गइरहेको प्रस्तुत सेमिनार कार्यक्रमले निश्चय नै एउटा गहकिलो निष्कर्ष दिन सक्नेछ । त्यसैले आजको यो कार्यक्रम सान्दर्भिक रहेको मैले अनुभव गरेको छु ।

प्रजातान्त्रिक खुल्ला समाजमा विचारहरूको स्थायी प्रवाह गरी सचेत जनमत तयार गर्ने, सरकारका कामकारवाहीका सम्बन्धमा आम नागरिकलाई सुसूचित तुल्याउने र सरकारलाई खबरदारी गर्ने कार्यमा आमसञ्चारको अत्यन्त ठूलो भूमिका रहेको हुन्छ । यही यथार्थलाई हृदयङ्गम गरी आधुनिक राज्यहरूमा विचार र अभिव्यक्ति स्वतन्त्रतालाई राज्यले प्रत्याभूति गर्ने प्रचलन रहेको छ । यथार्थमा अभिव्यक्ति स्वतन्त्रताको अभावमा अन्य जुनसुकै स्वतन्त्रताहरू उपभोग गर्न सकिँदैन । त्यसैले विचार र अभिव्यक्ति स्वतन्त्रतालाई अन्य स्वतन्त्रताहरूको पनि मुटु नै मान्ने गरिएको छ ।

विचार र अभिव्यक्ति स्वतन्त्रताको एउटा महत्वपूर्ण अङ्गको रुपमा नै प्रेस स्वतन्त्रता सम्बन्धी विषय पनि पर्दछ । अभिव्यक्ति स्वतन्त्रताभित्रै वाक् तथा प्रकाशन लगायतका स्वतन्त्रताहरू समेत समेटिएको हुनाले अभिव्यक्ति स्वतन्त्रतालाई प्रजातन्त्रको आधारशीला एवं अन्य सबै स्वतन्त्रताहरूको मेरुदण्ड पनि मान्ने गरिएको हो । नागरिक तथा राजनीतिक अधिकारहरूको निर्वाध उपभोगमा स्वतन्त्र सञ्चारको आफ्नै महत्व छ । सञ्चार माध्यमबाट व्यक्तिगत धारणा, चिन्तन र विवेकको संप्रेषण हुने र त्यसैका आधारमा निश्चित राजनीतिक दर्शनप्रति सर्वसाधारणलाई आबद्ध गर्न सकिने हुनाले लोकतन्त्रको व्यवहारिक प्रयोगका लागि सञ्चार क्षेत्रको स्वतन्त्रता ज्यादै महत्वपूर्ण विषय हो । ऐतिहासिक रुपमा हेर्दा प्रेस स्वतन्त्रता सम्बन्धी धारणाको जननी बेलायतलाई मानिन्छ । पन्ध्रौं शताब्दीको उत्तरार्द्धमा छापाको आविष्कार र

१७ औं शताब्दीमा समाचारपत्रहरूको प्रकाशन प्रारम्भ भएपछि आधुनिक लोकतान्त्रिक राज्यहरूले प्रेस स्वतन्त्रतासम्बन्धी हकलाई मौलिक हकको रुपमा मान्यता दिदैं आएको पाइन्छ । तर जतिसुकै उदार समाज र प्रजातान्त्रिक शासन व्यवस्था भएपनि बन्देजरहित र सीमाहीन स्वतन्त्रताहरूको कल्पना गर्न सकिँदैन । जुनसुकै स्वतन्त्रताहरूलाई निरपेक्ष रुपमा छाड्दा मानव सभ्यतालाई नै अराजकता र विध्वँशतर्फ धकेल्ने भएकोले प्रत्येक स्वतन्त्रताहरूको एउटा निश्चित मर्यादा, सीमा र परिधि निर्धारण गर्नुपर्ने हुन्छ । यस अर्थमा प्रेस स्वतन्त्रताको विषयपनि सीमारहित हुँदैन । यसका आफ्नै मर्यादा, संवैधानिक एवं कानूनी परिधि र सीमारेखाहरू छन् ।

लोकतान्त्रिक राज्य व्यवस्थामा जतिसुकै स्वतन्त्रताहरूको प्रत्याभूति गरिएको भएपनि स्वतन्त्र न्यायपालिकाको अभावमा सबै स्वतन्त्रताहरू कागजमा सीमित हुन पुग्दछन् । राज्यको स्वभाव नै शक्तिकेन्द्रित हुने भएकोले नागरिकका स्वतन्त्रताहरू माथि सरकारबाट कुनै न कुनै समयमा कुनै न कुनै रुपमा हस्तक्षेप, अतिक्रमण र प्रहार हुन सक्तछ । त्यस्तो अवस्थामा ती स्वतन्त्रताहरूको रक्षाकवचको रुपमा केवल स्वतन्त्र न्यायपालिका रहेको हुन्छ । त्यसैले स्वतन्त्र न्यायपालिकालाई नागरिक स्वतन्त्रताको पहरेदार, संविधानको संरक्षक र कानूनी राज्यको आधारस्तम्भ मानिएको हो । स्वतन्त्र न्यायपालिकाको अभावमा प्रेस स्वतन्त्रता लगायत सबै स्वतन्त्रताको व्यावहारिक अभ्यास सम्भव छैन । प्रेस लगायत स्वतन्त्र सञ्चार जगतमाथि सरकारबाट समय समयमा भएका अतिक्रमणबाट नेपाली सञ्चार क्षेत्रपनि बारम्बार प्रताडित हुँदै आएको र त्यस अवस्थामा न्यायपालिकाले मात्रै सञ्चार जगतलाई सुरक्षित राख्न सकेको हाम्रो आफ्नै दृष्टान्तहरू छन् ।

राजाको प्रत्यक्ष शासनकालमा जन निर्वाचित प्रधानमन्त्रीलगायत सम्पूर्ण राजनीतिक नेता, पत्रकार र नागरिक समाजका प्रतिनिधिहरूलाई सरकारले बन्दी बनाई नागरिक हक अधिकारमाथि अतिक्रमण गर्दा होस् वा शाही आयोग खडा गरी संविधान र कानूनको शासनमाथि खिल्ली उडाउँदा होस् न्यायपालिकाले निर्भिकतापूर्वक फैसला गरी नागरिक हकको रक्षा र संविधान र कानूनी शासनको पक्षमा आफूलाई उभ्याएको तथ्यलाई सबैले मनन् गर्नसक्नु पर्दछ । सोही अवधिमा सञ्चार माध्यममाथि भएको राज्य आक्रमणका विरुद्ध न्यायपालिकाले दृढतापूर्वक निर्णय दिई सम्पूर्ण सञ्चार जगत र प्रेस स्वतन्त्रताको रक्षा गरेको ताजा उदाहरणलाई विर्सियौं भने न्यायपालिकाको योगदानलाई अवमूल्यन गरेको ठहरिने छ । यी सबै हाम्रा आफ्नै दृष्टान्तहरूबाट संविधानले जतिसुकै सुन्दर रुपमा हक अधिकार दिएपनि न्यायपालिकाको स्वतन्त्रता सुरक्षित नभएमा ती सबै स्वतन्त्रताहरू जुनसुकै बखत अपहरित हुन पुग्दछन् । त्यसैले आम सञ्चार वैयक्तिक स्वतन्त्रताको प्रवाह गर्ने महत्वपूर्ण माध्यम हो भने स्वतन्त्र न्यायपालिका ती सबै स्वतन्त्रताहरूको रक्षा कवच हो । यसै वास्तविकतालाई आधार बनाई आजको विषयवस्तु माथि चर्चा गर्नु उपयुक्त हुन्छ भन्ने मेरो धारणा छ ।

स्वतन्त्र प्रेस जगतले जनतालाई सुसूचित हुने, जागरुक बनाउने, सरकारका काम कारवाहीको बारेमा सूचना प्रवाह गर्ने कार्य गरिरहेको हुन्छ भने स्वतन्त्र न्यायपालिकाले प्रेस स्वतन्त्रता लगायत सबै हक अधिकारको संरक्षकको भूमिका निर्वाह गरिरहेको हुन्छ । त्यसैले स्वतन्त्र प्रेस र स्वतन्त्र न्यायपालिका दुबैलाई लोकतान्त्रिक राज्य व्यवस्थाका आवश्यक पूर्वशर्त मानिएको हो । वास्तवमा स्वतन्त्र प्रेस र स्वतन्त्र न्यायपालिका लोकतन्त्रका महत्वपूर्ण आधार हुन् ।

न्यायिक काम कारवाहीको विषयमा पनि जनतालाई सुसूचित गर्ने कार्यमा प्रेस जगतको ठूलो भूमिका रहन्छ । तर न्यायिक समाचार संप्रेषणको विषय अन्य समाचार संप्रेषण भन्दा धेरै संवेदनशील विषय हो । अदालतको काम कारवाहीका विषयमा समाचार संप्रेषण गर्दा न्यायिक भाषा र संप्रेषित समाचारका बीच तादात्म्य नहुँदा त्यसको नकारात्मक सन्देश प्रवाह हुन पुग्दछ । त्यसबाट आम जनमानसमा अदालतप्रति भ्रम, द्विविधा र

अनास्था फैलिन जाने स्थिति उत्पन्न हुन जान्छ । यस सन्दर्भमा सबैले बुझ्नुपर्ने कुरा के छ भने अदालतमा विचाराधीन विषयलाई लिएर कसैको पक्ष वा विपक्षमा हुने गरी समाचार संप्रेषण गर्नु आम सञ्चार माध्यम र प्रेसको व्यावसायिक मर्यादा र सीमाभन्दा बाहिर हुन जान्छ । त्यसैले त्यस्तो विषयमा समाचार संप्रेषण गर्नु पूर्व त्यसबाट न्यायिक निर्णयमा कस्तो असर पर्दछ भन्ने तथ्यलाई गम्भीरतापूर्वक मनन् गर्नु आवश्यक हुन्छ । जतिसुकै सम्मुन्नत प्रजातान्त्रिक मुलकमा पनि अदालतमा विचाराधीन विषयलाई लिएर न्याय निरोपणको कार्यमा नै असर पार्ने गरी समाचार लेख्ने र संप्रेषण गर्ने छूट रहन सक्तैन ।

न्यायिक काम कारवाहीहरू सधैँ खुल्ला रुपमा सम्पन्न हुन्छन् । साथै अदालतमा विचाराधीन कतिपय विषयहरू नितान्त वैयक्तिक गोपनियतासँग पनि सम्बन्धित हुन्छन् । त्यस्तो संवेदनशील विषयमा प्रेस जगतले पत्रपत्रिकामार्फत् सार्वजनिक टिका टिप्पणी गरी समाचार बनाउँदा सम्बन्धित व्यक्तिको वैयक्तिक स्वतन्त्रता र गोपनियतामाथि नै अतिक्रमण हुनजान्छ । त्यस्तो अवस्थाले न्यायिक काम कारवाहीमा प्रतिकूल असर पर्नुका साथै अदालतबाट निष्पक्ष न्याय प्राप्त गर्ने उद्देश्यले आएको व्यक्तिले आफूलाई सुरक्षित महसूस गर्न नसक्ने हुन्छ । सञ्चार जगतबाट संप्रेषित समाचारबाट न्याय निरोपणका लागि अदालतमा आएको व्यक्तिले न्यायिक प्रक्रियामा अविश्वास गर्ने अवस्था आयो भने त्यो कार्य अन्ततः अदालतको अपहेलनाजनक पनि हुन पुग्दछ । कुनै आपत्तिजनक र अपहेलनाजन्य कुरा कसैले व्यक्त गऱ्यो भन्दैमा सञ्चार माध्यममा त्यस्ता कुरा ल्याउनु नागरिकका सूचनाका हक भित्र पर्छन् वा पर्दैनन् भन्ने कुरा संवेदनशीलतापूर्वक सोच्न आवश्यक छ ।

वास्तवमा प्रेस स्वतन्त्रता र न्यायिक समाचार लेखन कार्यका बीच अत्यन्त संवेदनशील सीमारेखा रहेको हुन्छ । एकातिर न्यायिक काम कारवाहीको विषयमा आम जनतालाई सुसूचित गराउनु पर्ने दायित्व रहेको हुन्छ भने अर्कोतिर त्यसरी सूचना प्रवाह गर्ने नाममा अदालती निर्णय प्रक्रियामा नै अवरोध आउने गरी वा जनमानसमा भ्रम वा द्विविधा र अनास्था फैलिन सक्ने स्थिति उत्पन्न हुन नदिनेतर्फ सतर्क हुनु पनि त्यत्तिकै आवश्यक हुन्छ । यी दुबैको सन्तुलनमा रहेर प्रेस जगतले न्यायिक समाचार संप्रेषण गर्नु अति आवश्यक हुन आउँछ । कलमको दुरुपयोगले सञ्चार जगतको छवि धरासायी हुन्छ कि भन्ने सतर्कता पनि त्यत्तिकै आवश्यक छ । कलम चलाउँदा आचार संहिताका मर्म र भावना अभिव्यक्त गर्नेको मन मष्तिष्कमा रहनु पनि आवश्यक छ ।

न्यायिक समाचार संप्रेषण गर्ने सम्बद्ध प्रेस एवं पत्रकारहरूले अदालतमा विचाराधीन विषयमा आफैंले एउटा निष्कर्ष निकाल्ने वा खास पक्षमा न्यायिक निर्णय आउने गरी एकतर्फी वा मनोगत आधारमा विवादित विषयमा धारणा बनाउने प्रवृत्तिबाट आफूलाई मुक्त राख्नसक्नु पर्दछ । अन्यथा विवादको विषयमा अदालतको निर्णय पूर्व नै प्रेस जगतको निर्णय बन्ने स्थिति आउँछ । प्रेस जगतले यस तथ्यलाई आत्मसात गर्न नसकेमा अन्ततः निष्पक्ष न्याय सम्पादनको कार्यमा नै प्रतिकूल प्रभाव पर्न जान्छ, जुन प्रेस स्वतन्त्रताको सीमाभित्र समेत पर्न सक्तैन । त्यस्तै न्यायिक काम कारवाहीको विषयलाई लिएर कुनै न्यायाधीशको बारेमा टिका टिप्पणी गर्नुपूर्व त्यसको वास्तविकतालाई बुझ्न त्यत्तिकै आवश्यक हुन्छ । विना आधार न्यायाधीशमाथि गरिने टिका टिप्पणी वा लगाइने लान्छनाहरूको सार्वजनिक प्रतिवाद वा खण्डन न्यायाधीश स्वयंबाट गर्दै हिड्ने अवस्था पनि हुँदैन । त्यसैले आफ्नो वा अरु कसैको स्वार्थ पूर्तिको निमित्त पत्रकारको हैसियतले जथाभावी रुपमा भ्रामक समाचार संप्रेषण गर्दा त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवारीबोध गर्न पनि म सम्बद्ध सबै पक्षलाई विशेष आग्रह गर्दछु ।

सर्वोच्च अदालतमा विचाराधिन रहेको प्रेस काउन्सिलका पदाधिकारीहरूको बर्खास्तगीसम्बन्धी विवाद र यूनिटी इन्टरनेशनलको रिटमा भएको अन्तरिम आदेशलाई लिएर केही सञ्चार माध्यमले तथ्य बङ्ग्याई गलत समाचार संप्रेषण गरेको

देखियो । वास्तविक तथ्य बङ्ग्याई संप्रेषण गरिने यस्ता समाचारहरूले निश्चय नै न्यायिक काम कारवाहीलाई मद्दत गर्दैनन् । न्याय प्रणालीप्रतिको जनविश्वास घटाउने वा भ्रम फैल्याउने अवस्था आउन नदिनु स्वतन्त्र प्रेसको व्यवसायिक मर्यादा एवं संवैधानिक र कानूनी दायित्व नै हुन आउँछ । प्रेस जगतले आफ्नो व्यवसायिक कार्य गर्दा पेशागत मर्यादा र संवैधानिक एवं कानूनी सीमा र दायित्वलाई सदैव ख्याल गर्नु आवश्यक हुन्छ । त्यसैले न्यायिक समाचार संप्रेषणको विषयलाई अत्यन्त संवेदनशील भई सावधानीपूर्वक लिइनु पर्दछ । यसमा कलम चलाउनु हुने सम्बद्ध पत्रकारहरूले समाचार संप्रेषण गर्नुपूर्व यी यावत् पक्षहरूबाट आफूलाई नै एकपटक आत्ममूल्यांकन गर्नु अनिवार्य हुन आउँछ ।

मैले यहाँ न्यायपालिका र प्रेसको सम्बन्धको चर्चा गर्दा केवल प्रेस जगतको कर्तव्य वा सीमाको मात्रै कुरा गरिरहेको छैन । न्यायिक समाचार संप्रेषणबाट न्यायिक काम कारवाहीमा पर्न जाने सकारात्मक प्रभाव पनि त्यत्तिकै महत्वपूर्ण पक्ष हो । अदालतबाट भएका काम कारवाहीको सही र वास्तविक जानकारी जनमानसमा पुऱ्याउन सकेमा हाम्रा काम कारवाहीमा भएका कमजोरीहरू सुधार गर्न र राम्रा कामहरूको बारेमा आम नागरिकहरूलाई सुसूचित गरी अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्नमा पनि ठूलो योगदान पुग्न जान्छ । यसका साथै अदालतबाट भएका सार्वजनिक महत्वका फैसलाहरूको बारेमा जानकारी दिने र असहाय, महिला, वालवालिका, गरीब र बृद्धहरूको न्यायमा पहुँच पुऱ्याउनेतर्फ प्रेस जगतले महत्वपूर्ण भूमिका खेल्न सक्तछ । अदालतबाट भएका फैसलाहरूको प्राज्ञिक समालोचना गरी राम्रा र कमजोर दुबै पक्षको समीक्षा गर्नेतर्फ प्रेस जगतको ध्यान जान सकेमा त्यसबाट न्याय प्राप्त गर्ने जनताको हकमा बल पुग्नुको साथै गुणस्तरीय न्याय सम्पादनमा समेत मद्दत पुग्न सक्तछ । त्यसैले न्यायिक समाचारको लागि केवल अदालतमा आउने विवादका विषयहरूलाई नै कुरिरहनु पर्दैन । अदालतबाट भएका ऐतिहासिक फैसलाहरू, न्याय प्रणालीमा सुधारका लागि भएका प्रयासहरू, सूचना प्रविधिको विकास, भौतिक पूर्वाधार, न्यायपालिकाको रणनीतिक योजना, न्यायिक जनशक्तिको विकास, नजीरहरूको एकरुपता जस्ता विषयहरूलाई लिएर प्रेस जगतले आम नागरिकलाई सूचना संप्रेषण गर्न सक्तछ । यसका लागि तपाइँहरूले खोजपूर्ण एवं अनुसन्धानमूलक समाचार लेखनको सीप विकासतर्फ विशेष पहल गर्नु आवश्यक हुन्छ ।

न्यायिक सुधारका लागि हाम्रा ऐन कानूनहरूले कत्तिको सहयोग गरेका छन् भन्ने तर्फ पनि यहाँहरूको कलम चल्न सक्नुपर्दछ । केवल न्यायिक ढिलासुस्ती छ भन्ने समाचारले जनमानसमा एकतर्फी भ्रम पैदा गर्दछ । न्यायिक ढिलासुस्तीमा अदालतको मात्रै कति भूमिका छ र अरु कारक तत्वहरू के छन् भन्ने कुरा पनि जनसाधारणले थाहा पाउनु आवश्यक हुन्छ । त्यसका बहुपक्षीय कारण र तिनको निदानका उपाय र जिम्मेवार निकायको बारेमा पनि यहाँहरूको कलम चलोस् । यी सबै पक्षमा तपाइहरूको ध्यान जान सकेमा मात्रै न्यायपालिका र प्रेस सम्बन्ध सुमधुर भई त्यसले सार्थकता प्राप्त गर्नेछ । यसै वास्तविकतालाई दृष्टिगत गरी हामीले न्यायिक समाचार संप्रेषणमा योगदान पुग्न सकोस् भन्ने उद्देश्य राखी सर्वोच्च अदालतमा प्रवक्ता र सहायक प्रवक्ता समेतको व्यवस्था गर्नुका साथै पत्रकारहरूको लागि छुट्टै डेस्क नै स्थापना समेत गरेका छौं ।

हाम्रो जस्तो सामाजिक परिवेश, राजनीतिक अवस्था र न्याय प्रणाली भएका दक्षिण एशियाली राष्ट्रहरूमा नै यस प्रकारको कार्यमा हामी अग्रणी छौं भन्ने मलाई लाग्दछ । सर्वोच्च अदालतमा खडा भएको स्थायी डेस्कमा रहनु हुने पत्रकारहरूले न्यायिक समाचारको सम्बन्धमा जानकारी लिंदा एकद्वारमार्फत् अर्थात् तोकिएका प्रवक्तामार्फत् मात्रै जानकारी लिई संप्रेषण गर्नु त्यत्तिकै आवश्यक छ । मैले अगाडि नै उल्लेख गरे झैं न्यायिक काम कारवाहीको भाषागत अर्थ र यहाँहरूले व्यक्तिगत रुपमा बुझ्ने अर्थका बीच पनि कहिलेकाहीं व्यापक अन्तर रहेको हुन्छ । त्यस्तो

अवस्थामा यहाँहरूले आधिकारिक व्यक्तिबाट सोको जानकारी नलिई समाचारको विषय बनाई दिँदा जनमानसमा बेग्लै सन्देश प्रवाह हुने स्थिति आउँछ । जो स्वतन्त्र न्याय प्रशासन एवं प्रेस जगतकै हितअनुकूल हुन सक्तैन । यसैले यस विषयमा विशेष संवेदनशील, संयमित र मर्यादित हुन पनि म यहाँहरूलाई विशेष आग्रह गर्दछु ।

आगामी दिनमा न्यायपालिका र प्रेस सम्बन्धको विषयलाई अझ प्रगाढ र प्रभावकारी बनाउने सोंच बनाउनु पनि त्यत्तिकै आवश्यक छ । सूचना प्रविधिको विकासले न्यायिक काम कारवाहीमा पनि व्यापक सुधार आएको छ । अदालतका हरेक काम कारवाही जोसुकैले घरमै बसी थाहा पाउने वातावरण सिर्जना भइरहेको छ तर यसमा सबैको पहुँच स्थापित हुन धेरै समय लाग्ने छ । यस स्थितिमा प्रेस जगत नै सूचना प्रवाहको पहुँचयोग्य र भरपर्दो माध्यम हुने कुरामा कुनै द्विविधा छैन । त्यसैले न्यायिक काम कारवाहीका यावत् पक्षहरूको सही सूचना संप्रेषणका लागि प्रेसको विकल्प कल्पना गर्न पनि सकिँदैन । साथसाथै न्यायिक समाचारको संवेदनशीलतालाई ध्यान दिई सम्बद्ध पत्रकारहरूमा न्यायिक समाचार संकलन, सम्पादन र संप्रेषण गर्ने विशेष ज्ञान, सीप र योग्यताको आवश्यकतालाई पनि नकार्न सकिदैन । त्यसैले यस क्षेत्रमा प्रवेश गर्नुपूर्व सम्बद्ध व्यक्तिले विशेष ज्ञान र सीप आर्जन गर्ने तर्फ सोच्नु पर्दछ भन्ने मलाई लाग्दछ ।

अन्त्यमा, यस कर्यक्रमको छलफल सत्रमा प्रस्तुत हुने विषयहरूले आजको विषयवस्तुमाथि सम्बद्ध सबैलाई अरु संवेदनशील बनाउन मद्दत गर्ने नै छ । कार्यक्रममा मलाई आमन्त्रण गर्नुभएकोमा एकपटक यहाँहरू सबैलाई पुनः धन्यवाद दिन चाहन्छु । साथै कार्यक्रमको सफलताको कामना गर्दै यहाँहरूसँग विदा हुन चाहन्छु ।

धन्यवाद !

## समिति गठन

यस अदालतको निर्णयानुसार सर्वोच्च अदालतबाट प्रतिपादित नजीरहरू एक आपसमा बाझिएका छन् छैनन, बाझिएका छन् भने कुन कुन नजीर एक आपसमा बाझिएका छन् र तिनको हकमा एकरुपता कायम गर्न के कसो गर्न सकिन्छ भन्ने सम्बन्धमा उपयुक्त उपाय सिफारिश गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाश वस्तीज्यूको संयोजकत्वमा देहायबमोजिमको सदस्य रहने गरी **"नजीरहरूमा एकरुपता कायम गर्ने उपाय सिफारिश समिति"** गठन भएको छः

माननीय न्यायाधीश श्री प्रकाश वस्ती
सर्वोच्च अदालत -संयोजक
माननीय न्यायाधीश श्री प्रकाशराम मिश्र
पुनरावेदन अदालत सुर्खेत -सदस्य
माननीय न्यायाधीश श्री किशोर सिलवाल
पुनरावेदन अदालत पोखरा -सदस्य
अध्यक्ष श्री प्रेमबहादुर खड्का
नेपाल बार एशोसिएशन -सदस्य
अध्यक्ष श्री कृष्णप्रसाद सापकोटा
सर्वोच्च अदालत बार एशोसिएशन -सदस्य
डिन श्री अम्मरप्रसाद पन्त
त्रिभूवन विश्वविद्यालय, कानून संकाय -सदस्य
सहन्यायाधिवक्ता श्री राजेन्द्रकुमार पोखरेल
महान्यायाधिवक्ताको कार्यालय -सदस्य
सहरजिष्ट्रार श्री श्रीकान्त पौडेल
सर्वोच्च अदालत -सदस्य
सम्पादक श्री तेजेन्द्रप्रसाद सापकोटा
नेपाल कानून पत्रिका, सर्वोच्च अदालत -सदस्यसचिव